नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, दैलेख
कर्णाली प्रदेश, नेपाल

# नारायण नगरपालिका

# स्वास्थ्य संकट एवं विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना

## Health Emergency, Disaster Preparedness and Response Plan

नगर प्रमुख

नारायण नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कर्णाली प्रदेश, दैलेख, नेपाल

२०७९

## भुमिका

बहुप्रकोपको निरन्तर घटिरहने घटनाहरुबाट यस नारायण नगरपालिकामा बर्षेनी धनजनको क्षति भईरहेको छ । मानव श्रृजित तथा प्राकृतिक प्रकोपहरुले थप जटीलताहरु उत्पन्न गरी यस नगरपालिकाको विषम भु–वनावट, कमजोर भौगोर्भिक अवस्था, मौसमी विषमता तथा जलवायु परिवर्तनका कारण जनस्वास्थ्य जोखिम तथा विपदका घटनाहरु बारम्बार दोहोरिरहेको अवस्था छ । भुकम्प, बाढी, पहिरो, चटयाङ्ग, हावाहुरी, असिना, वन्य जन्तुका कारण बालीनालीको नोक्सान, वनडढेलो आदी कारणले यस नगरपालिका क्षेत्रभित्रका बस्तीहरु तथा बासिन्दाहरुलाई सधैजसो जोखिम मोल्नको लागी बाध्य बनाईरहेको पाईएको छ । यसर्थ विपद व्यवस्थापनको समग्र योजना तथा कार्यक्रमको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा मानव श्रृजित विपदहरुको कारणले झेल्नु परेका समस्याहरुलाई यथाशिघ्र सम्बोधन गरी यस नगरपालिका क्षेत्रका बासिन्दाहरुको जनधनको रक्षा, सार्वजनिक, निजि तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम सांस्कृतिक सम्पदा, भौतिक संरचनाको संरक्षण गर्नु अत्यावश्यक रहेको छ ।

विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन २०७४, विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन नियमावली २०७६, स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्वास्थ्य सेवा ऐन २०७५ तथा जनस्वास्थ्य सेवा नियमावली २०७७ ले प्रबन्ध गरेको स्थानीय सरकारको विपद तथा स्वास्थ्य संकट व्यवस्थापन सम्बन्धि काम, कर्तव्य र अधिकार अनुसार नगरपालिकाले विपद व्यवस्थापन सम्बन्धि आवश्यक निति, ऐन, रणनिति, योजना तथा कार्यविधि तयार गर्न सक्ने अधिकारको प्रयोग गर्दै विपद व्यवस्थापनको क्षेत्रमा प्रभावकारी रुपले काम गर्नको लागी विपद व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखी प्रतिवद्धता स्वरुप यस नारायण नगरपालिकाले स्वास्थ्य संकट एवं विपद पुर्वतयारी तथा प्रतिकार्य योजना २०७९ तर्जुमा गरेको छ । विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन सम्बन्धि सम्पुर्ण कार्यक्रमहरुमा यस योजनाले नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि गरी कार्यकुशलतालाई सकारात्मक नतिजा उल्मुख पनि गराउने छ र समयानुकुल यस योजनालाई आवश्यक संशोधन तथा परिमार्जन गर्दै लगिनेछ ।

दिगो विकाशका सुचकहरु सार्थक गराउन तथा विपद व्यवस्थापनलाई यस नगरपालिकाको विकाशका कार्यक्रमहरुमा मुलप्रवाहीकरण गर्न यस योजनाले मुलभुतरुपमा सातवटा विषयगत क्षेत्रहरुलाई समेटी समन्वयकारी संयन्त्रहरुलाई सबै किसिमका विपदहरुसंग सामना गर्न सक्ने गरी सबै विषयगत क्षेत्रहरुको पुर्वतयारी तथा प्रतिकार्य योजनाहरु स्थानीय मौलिक आवश्यकताहरु तथा सार्न्दभिकतालाई प्राथमिकता दिई तयार पारिएको छ । यस योजनाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई मुर्त रुप दिन विविध किसिमले जोखिममा रहेका समुदायहरुको विपदका जोखिमहरुबाट बचाउनको लागी पहिलो प्राथमिकतामा राखि जीउधनको सुरक्षा गर्ने सुनिश्चितता पनि गरेको छ ।

यस योजनाको निर्माण गर्न सकृय सहयोग गर्नुहुने प्राविधक कार्य दल, नगरपालिकाका विषयगत शाखा प्रमुखहरु, सम्पुर्ण विकाश साझेदार सस्थाका प्रमुख तथा प्रतिनिधिहरुलाई हार्दिक धन्यवाद ब्यक्त गर्न चाहन्छु । यस योजनालाई समयमा नै समपन्न गर्न निरन्तर सहयोग र प्रयास तथा सहजीकरण गर्नुहुने प्रमुख प्रशाशकीय अधिकृत श्री भक्त बहादुर मल्ल, नगरपालिका विपद ब्यवस्थापन समितिका संयोजक श्री जनक न्यौपाने, स्वास्थ्य शाखा संयोजक श्री नगेन्द्र बहादुर हमाल, स्वास्थ्य शाखा उप संयोजक श्री लालबहादुर खड्कालाइ साथै यस कार्यलाई आर्थिक तथा प्राविधिक रुपमा प्रशंशनीय सहयोग पुरयाउनु हुने स्वास्थ्यका लागी सक्षम प्रणालीका स्वास्थ्य आपतकालिन तथा सर्भिलेन्स, प्राविधिक अधिकृत श्री भक्त बहादुर नेपाली, र स्वास्थ्य प्रणाली सुदृढीकरण, प्राविधिक अधिकृत श्री राजु जोशी लाई विशेष धन्यवाद दिन चाहन्छु र यस योजनाको कार्यान्वयन गर्ने पक्षमा सबै निकायहरु तथा सरोकारवालाहरुको सहयोगको अपेक्षा पनि गरेको छु ।

नगर प्रमुख

लोमन शर्मा
नगरप्रमुख
नारायण नगरपालिका, दैलेख

नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय, दैलेख कर्णाली प्रदेश, नेपाल

विषयसूची

परिच्छेद एक : प्रारम्भिक ..... 1
१.१ पृष्ठभूमि ..... 1
१.२ योजनाको उद्देश्य ..... 1
१.३ योजना तर्जुमा प्रक्रिया ..... 2
१.४ योजनाका तर्जुमा एवम् कार्यान्वयनका आधारभूत मान्यता ..... 3
परिच्छेद दुई : नगरपालिकाको विपद् जोखिम तथा क्षमता विश्लेषण ..... 4
२.१ नगरपालिकाको संक्षिप्त परिचय ..... 4
२.२ विगतका विपद्का घटना एवम् क्षति विश्लेषण ..... 4
२.३ नगरपालिका प्रमुख र प्राथमिकतामा रहेका प्रकोपहरू ..... 6
२.४ प्रकोपको मौसमी विश्लेषण ..... 7
२.५ सामाजिक सङ्कटासन्नता विश्लेषण ..... 8
२.६ प्रकोप सङकटासन्नता तथा जोखिम विश्लेषण ..... 8
२.७ सम्भावित विपद् जोखिम विश्लेषण ..... 11
२.८ सम्भावित विपद्को अनुमानित परिदृष्य ..... 13
२.९ नगरपालिकाको क्षमता विश्लेषण ..... 13
२.१० विषयगत क्षेत्र तथा कार्य जिम्मेवारी ..... 16
परिच्छेद तीन : पूर्वतयारी तथा प्रतिकार्य योजना ..... 21
३.१ सामान्य पूर्वतयारी कार्ययोजना ..... 21
३.२ पूर्वानुमानमा आधारित पूर्वतयारी कार्ययोजना ..... 23
३.३ आपत्कालीन प्रतिकार्य (कार्यविधि) कार्ययोजना ..... 29
परिच्छेद चार : स्वास्थ्य संकट पूर्वतयारी तथा प्रतिकार्य योजना ..... 38
४.१ स्वास्थ्य संकट पूर्वतयारी कार्ययोजना ..... 38
४.२ स्वास्थ्य संकट प्रतिकार्य कार्ययोजना ..... 40
परिच्छेद छ : कार्यान्वयन अनुगमन तथा सिकाई योजना ..... 43
५.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन रणनीति ..... 43
५.२ स्रोत साधनको व्यवस्थापन ..... 44
५.३ क्षमता विकास रणनीति र योजना ..... 45
५.४ अन्य निकायसँगको समन्वय र सहकार्य ..... 45
५.५ अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना ..... 47

# परिच्छेद एक : प्रारम्भिक

## १.१ पृष्ठभूमि

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको मूलभूत उद्देश्य विपद्‌बाट हुने मृत्युदर तथा प्रभावितहरुको सङ्ख्या उल्लेख्य रूपमा घटाउनु, विपद् वा महामारीका कारण उत्पन्न हुनसक्ने स्वास्थ्य संकटको रोकथाम एवम् व्यवस्थापन गरी मानवीय क्षति न्यूनीकरण गर्नु, कृषि उद्योग, सडक, सञ्चार, खानेपानी एवम् सरसफाईका संरचना तथा स्वास्थ्य र शिक्षाका पूर्वाधार एवम् सेवामा विपद्‌का कारणबाट हुने क्षति तथा नोक्सानी घटाउँदै तिनीहरूको उत्थानशीलता बढाएर विकासको दीगोपनालाई स्थायित्व दिनु र विकास तथा पूर्वाधार निर्माणमा गरिएको लगानीलाई सुरक्षित गर्नु हो । तीववटै तहका सरकारको अधिकार बाँडफाँड सम्बन्धी संवैधानिक व्यवस्था, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७५ कों दफा ८ (१) एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) न तथा ११ (४) ख (१५) र स्वास्थ्य सेवा ऐन २०७५ को दफा ४८ मा प्रवन्ध गरिए बमोजिम स्थानीय तहको विपद् एवम् स्वास्थ्य संकट व्यवस्थापन सम्बन्धमा तोकिएको काम कर्तब्य र अधिकार एवम् विपद् जोखिम न्यूनीकरण तथा व्वस्थापन राष्ट्रिय नीति, २०७५ तथा रणनीतिक कार्ययोजना, २०१८-२०३० को लक्ष्य र मार्गदर्शन एवम् नीतिगत र कानूनी आधार एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ को पहिलो संशोधन २०७६ ले तय गरेको विधि र प्रकृया बमोजिम नगरको स्वास्थ्य संकट एवम् विपद् प्रतिकार्यलाई चुस्त तथा प्रभावकारी बनाउन र त्यसैको लागि आवश्यक पूर्वतयारी गर्न यस नारायण नगरपालिकाको स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरिएको छ ।

## १.२ योजनाको उद्देश्य

विपद् एवम् स्वास्थ्य संकटको समयमा प्रभावितहरूको जीवन रक्षा, सम्पत्ति तथा जनधनको सुरक्षा र संरक्षण गरी मानवीय संकटको सामना तथा प्रभावकारी प्रतिकार्य गर्न स्थानीय स्रोत साधन र प्रविधिको उपयोग गर्दै आघातमा परेका व्यक्ति तथा समुदायलाई उचित मानवीय सहायता सुनिश्चित गर्नु र प्रकोपको रोकथाम तथा विपद् जोखिम न्यूनीकरणका लागि नगरको स्रोत साधन एवम् क्षमता वृद्धि गर्दै विपद् जोखिम तथा स्वास्थ्य संकट व्यवस्थापन पद्धति, संरचना र प्रकृयालाई प्रभावकारी र जवाफदेहीपूर्ण ढंगले परिचालन एवम् कार्यान्वयन गरी नारायण नगरपालिकालाई उत्थानशील तथा सुरक्षित नगरको रूपमा विकास गर्न मद्दत गर्नु यस योजनाको प्रमुख उद्देश्य हो भने यसका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

१. स्वास्थ्य संकट एवम् विपद्‌बाट हुनसक्ने क्षति तथा नोक्सानी घटाउनु र प्रभावित हुने व्यक्ति, परिवार तथा समुदायलाई उपयुक्त मानवीय सहायता सुनिश्चित गर्नु ।
२. नगरपालिकामा स्वास्थ्य संकट एवम् विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारीका गतिविधिहरूलाई व्यवस्थित र समन्वयात्मक रूपमा कार्यान्वयन गर्नु ।
३. स्वास्थ्य संकट एवम् विपद् प्रतिकार्य तथा पूर्वतयारीका लागि स्थानीय साधन स्रोतको अधिकतम् परिचालन गर्नु ।

४. विपद् पूर्वतयारीलाई प्राथमिकताका साथ कार्यान्वयन गरी विपद् पछि उद्धार राहतका लागि हुने खर्च घटाउनु ।

५. विभिन्न सरोकारवाला निकाय तथा संस्थाहरूसँगको समन्वय र सहकार्यमा नगरपालिकाको स्वास्थ्य संकट एवम् विपद् प्रतिकार्य पद्धति, संरचना तथा समग्र क्षमता सुदृढ गर्नु ।

६. विषयगत क्षेत्रका आधारमा नगरपालिकाको विपद् न्यूनीकरण तथा व्यवस्थापन क्षमता बढाउँदै क्षेत्रगत तथा नियमित विकास कार्यक्रम मार्फत स्वास्थ्य संकट एवम् विपद् जोखिम न्यूनीकरणलाई निरन्तरता दिनु ।

## १.३ योजना तर्जुमा प्रक्रिया

नारायाण नगरपालिकाको स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ को पहिलो संशोधन, २०७६ ले तय गरेको प्रकिया बमोजिम तर्जुमा गरिएको हो । यस नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउने सन्दर्भमा २०७९ साउन २ मा नगरपालिका विपद् व्यवस्थापन समितिको बैठकमा छलफल भयो । उक्त बैठकले स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने निर्णय गऱ्यो । स्वास्थ्यको लागि सक्षम प्रणालीले नगरपालिकालाई स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्न प्राविधिक सहयोग उपलब्ध गराउने सहमति बमोजिम नगरपालिका र स्वास्थ्यको लागि सक्षम प्रणालीका प्रतिनिधि रहेको योजना मस्यौदा समिति निर्माण भयो र विधि, प्रक्रिया र कार्यतालिका तय गरी योजना तर्जुमाको प्रक्रिया शुरू गरियो ।

**विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रिया**

१. प्रारम्भिक छलफल र विषयगत क्षेत्रको पहिचान
२. नगरको संकटासन्नता तथा क्षमता लेखाजोखा
३. योजना तर्जुमा बैठक तथा कार्यशाला
४. योजनाको प्रारम्भिक मस्यौदा तयारी
५. सरोकारवालाहरूको बैठक र मस्यौदामाथि छलफल
६. अन्तिम मस्यौदा तयारी र स्वीकृति

नगरपालिका विपद् व्यवस्थापन समिति, वडाध्यक्षहरु र सरोकारवालाहरूबीचमा छलफल गरी नगरपालिकाको सङ्कटासन्नता तथा क्षमता लेखाजोखाको गरियो । यही छलफलबाट विषयगत क्षेत्रको पहिचान गरी सात वटा विषयगत क्षेत्र निर्धारण गरियो । सङ्कटासन्नता तथा क्षमता विश्लेषणका आधारमा पूर्वतयारी र प्रतिकार्यका क्रियाकलापहरू निर्धारण गरियो । त्यसपछि विषयगत क्षेत्र र संयुक्त योजना तर्जुमा बैठकहरू सञ्चालन गरी त्यसका आधारमा योजनाको मस्यौदा तयार गरियो । सरकारवालाहरूको बैठक आयोजना गरी मस्यौदामाथि छलफल र पृष्ठपोषण लिने काम भयो । प्राप्त पृष्ठपोषण समेतलाई समेटेर योजनाको अन्तिम मस्यौदा तयार गरियो । यस प्रकार नारायण नगरपालिकाको स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा भएको हो ।

नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय, दैलेख कर्णाली प्रदेश, नेपाल

## १.४ योजनाका तर्जुमा एवम् कार्यान्वयनका आधारभूत मान्यता

१. नगरपालिका क्षेत्रमा गरिने स्वास्थ्य संकट एवम् विपद् जोखिम न्यूनीकरण, व्यवस्थापन, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्निर्माणका सबै गतिविधिहरू नगरपालिकाको नेतृत्वमा हुनेछन् ।

२. विपद् प्रतिकार्य तथा पूर्वतयारी कार्यमा कहिँ कतै रिक्तता हुन नदिन र सन्तुलित कार्यान्वयनको लागि सात वटा विषयगत क्षेत्र (Cluster) को प्रवन्ध गरिएको छ । यस नगरपालिकामा कार्यरत सबै सरोकारवाला निकायहरू तथा संस्थाहरूले आफ्नो कार्यक्षेत्र बमोजिम सम्बन्धित विषयगत क्षेत्रसँगको समन्वयमा प्रतिकार्य र पूर्वतयारीका गतिविधिहरूमा सहयोग गर्नेछन् ।

३. विपद् पूर्वतयारीको काम, विपद् एवम् स्वास्थ्य संकट प्रतिकार्य तथा मानवीय सहायताका लागि गरिने सहयोग एकद्वार नीति बमोजिम नगरपालिकाको स्वीकृत मापदण्ड र प्रक्रिया अनुसार हुनेछ ।

४. विपद् प्रतिकार्य तथा पूर्वतयारीको काम विषयगत क्षेत्रको समन्वय तथा नगरपालिकाको नेतृत्वमा हुनेछ र लेखाजोखा, सूचना व्यवस्थापन, श्रोत परिचालन तथा व्यवस्थापन एकिकृत पद्धति अनुरूप हुनेछ ।

५. समुदाय, सामाजिक संस्था तथा सरकारी निकायहरूको स्वास्थ्य संकट एवम् विपद् प्रतिकार्य क्षमता विकास गरी नगरपालिकाको समग्र विपद् व्यवस्थापन क्षमता सुदृढ गरिनेछ ।

६. स्वास्थ्य संकट एवम् विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यको काम स्थानीय सरकारको नेतृत्व तथा समन्वय, सामाजिक तथा नागरिक क्षेत्रको सहयोग र नीजि क्षेत्रसँगको साझेदारीमा हुनेछ ।

७. स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी र प्रतिकार्यका गतिविधि तथा मानवीय सहायताका कार्यहरू सुशासनको मान्यता अनुरूप पारदर्शी, सहभागीतामूलक र समावेसी हुनेछन् ।

८. स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी, प्रतिकार्य तथा मानवीय सहायताका गतिविधिहरू मानवता, तटस्थता, निष्पक्षता र स्वतन्त्रता जस्ता मानवीयताका मुलभूत सिद्धान्तमा आधारित हुनेछन् ।

९. विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा समग्र विपद् एवम् स्वास्थ्य संकट व्यवस्थापनमा उपलब्ध स्थानीय श्रोत तथा जनशक्तिको अधिकतम प्रयोग र परिचालनको नीति लिइनेछ ।

१०. विपद् जोखिम न्यूनीकरण तथा स्वास्थ्य संकट व्यवस्थापनका प्राथमिकता प्राप्त कार्यहरूलाई क्षेत्रगत विकासका नियमित गतिविधिहरूसँग एकिकृत गरी विकासमा मूल प्रवाहीकरण गर्दै नगरको उत्थानशीलता विकासमा सहयोग पुगेनेछ ।

नारायण नगरपालिका
नगरपालिकाको कार्यालय, दैलेख
कर्णाली प्रदेश, नेपाल

# परिच्छेद दुई : नगरपालिकाको विपद् जोखिम तथा क्षमता विश्लेषण

## २.१ नगरपालिकाको संक्षिप्त परिचय

नारायण नगरपालिका (नपा) कर्णाली प्रदेशको दैलेख जिल्लामा पर्ने एक पहाडी नगरपालिका हो । यो नगरपालिका प्रदेशको राजधानी विरेन्द्रनगर-सुर्खेत देखि ६७ कि.मि. उत्तरतर्फ पर्दछ । दैलेख जिल्लाको प्रशासनिक केन्द्र र सदरमुकाम यसै नगरपालिकामा रहेको छ । पूर्वमा भगवतीमाई गाउँपालिका, पश्चिममा दुल्लु नगरपालिका तथा भैरवी गाँउपालिका, दक्षिणमा डुंगेश्वर गाउँपालिका र उत्तरमा महावु र नौमुले गाउँपालिकाले घेरेको यस नगरपालिका ११०.६३ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ जुन २८० ३५ देखि २९० ८० उत्तरी अक्षांश तथा ८१० ५३ पूर्वी देशान्तर भित्र पर्दछ । यो नगरपालिका साबिकका १ नगरपालिका (नारायण नगरपालिका) भवानी, विन्ध्यवासिनी र खरीगैरा ८ र ९) मिलेर बनेको छ। यस नगरपालिकामा २५,८०३ जनसंख्या बसोबास गर्दछन् ।

तालिका १: नारायण नगरपालिकाको वडागत जनसाङ्ख्यिक विवरण

| वडा नं | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| घरपरिवार | १२३६ | ९०० | १०५६ | १४०९ | ८८३ | ९६५ | १४७५ | ९७० | १०२५ | ७६८ | १३६३ | |
| महिला | २५४७ | २१०२ | २३०४ | ३२४८ | १९८७ | २०५६ | ३३२० | २२२१ | २६३१ | १७३८ | ३२०५ | |
| पुरुष | २७१२ | २२१७ | २४५१ | ३२९७ | २१४२ | २१८१ | ३४६२ | २२७८ | २८६६ | १८१७ | ३३५२ | |
| अन्य | ३ | ४ | ६ | ३ | ३ | ० | १ | २ | ५ | ० | ३ | |
| जम्मा | ५२६२ | ४३२३ | ४७६१ | ६५४८ | ४१३२ | ४२३७ | ६७८३ | ४५०१ | ५५०२ | ३५५५ | ६५६० | |

*श्रोत: नारायण नगरपालिकाको नगर प्रोफाइल*

## २.२ विगतका विपद्का घटना एवम् क्षति विश्लेषण

२०७८ साल चैत्रमा गरिएको यस नगरपालिकाको प्रकोप, सङ्कटासन्नता तथा क्षमता लेखाजोखाको आधारमा भूकम्प, बाढी, सडक दुर्घटना, आगलागी, हावाहुरी, चटयाङ्, कोभिड १९ महामारी र जस्ता विपद्का घटनाहरू विगतमा हुने गरेको पाइएको छ ।

तालिका २: नारायण नगरपालिकामा विगतमा भएका विपद्का घटनाहरुको विवरण

| साल महिना | विपद्को घटना | प्रभावित वडा/बस्ती | प्रभावित परिवार | मानवीय क्षति | आर्थिक नोक्सानी हजारमा | अन्य क्षति |
|---|---|---|---|---|---|---|
| २०७२ | भूकम्प | वडा नं ३ | ६०० | छैन | ४,५००० | वडा नं ३ का विभिन्न टोलहरुमा १०० घरधुरीका घरका भित्ता चर्केको । वडा नं ३ बाहेक अरु प्रत्येक वडाहरुमा ४,५ घरहरुको भित्ता चर्केको ।<br>वडा नं १० को करिब ५० घरहरुमा क्षति भएको |
| २०७५ | भूकम्प | ११ वटा वडाहरु | ५७९१ | छैन | १००० | सामान्य असर गरेको |
| २०५०, २०५६, २०५८, २०६१, २०६४, २०६५, २०६७, २०६८, | पहिरो | वडा नं ४ का भिरमौरा | २७०३७ | २०७३ मा गएको पहिरोले | ५००० | बिगत ३० बर्षमा पहिरोको घटना १४ पटक दोहोरिएको छ। जसले गर्दा २१७५ खेती |

| साल महिना | विपद्को घटना | प्रभावित वडा/बस्ती | प्रभावित परिवार | मानवीय क्षति | आर्थिक नोक्सानी हजारमा | अन्य क्षति |
|---|---|---|---|---|---|---|
| २०७०, २०७१, २०७२, २०७३, २०७४, २०७५ | | तथा सबै वडाहरु | | वडा नं १ को नमुना बस्तीको १ घर क्षति ३ जना (म:२, पु:१) को मृत्यु भएको | | योग्य जमिन नष्ट, ८ वटा खानेपानीको मुहान, ५ वटा सिंचाई योजना, ४ वटा खानेपानी योजना, १२ वटा घरगोठ र ४ वटा सार्वजनिक भवन क्षति गरेको छ । जम्मा १३८८ घरधुरी प्रभावित भएका छन् । |
| २०७०, २०७१, २०७२, २०७३, २०७४ | सुक्खा खडेरी | वडा नं. १, ४, ५, ६, ७, ८ र ११ | २०० | छैन | १००० | सुक्खा खडेरीले ३८ वटा खानेपानीको मुहान सुकेको छ भने २६० रोपनीको तरकारी र ३८२ रोपनीको अन्नवाली प्रभावित भएको छ । |
| २०५४, २०५५, २०६१, २०६२, २०६३, २०६४, २०७३, २०७४ | चटयाङ्ग | वडा नं ३, ५, ६, ७, ८, १० | ८४ | ५ जनाको मृत्यु ७ जनालाई घाईते बनाएको | १५००० | ८ पटकमा चटयाङ्गले ५ जनाको मृत्यु ७ जनालाई घाईते बनाएको छ भने ३० घर, १७ वटा पशु, २ ट्रान्सफर्मर र ४ घरको विधुतमा क्षति पुरयाएको छ । |
| २०७०, २०७१, २०७३, २०७४ | आगलागी र बनडढेलो | वडा नं १, २, ३, ४, ५, ७, ८, १०, ११ | ९६ | छैन | ६००० | आगलागीबाट २४ घरगोठ र ५ जनावर जल्नुको साथै ८ वटा सामुदायिक वन प्रभावित भएको छ । |
| २०६५, २०७३ र २०७४ | हावाहुरी, असिना र अतिवृष्टी | वडा नं. १ देखि ११ का सबै वडाका वस्तीहरू | २७०३७ | छैन | २०००० | हावाहुरी, असिना र अतिवृष्टीले बर्षेनी तरकारी तथा अन्नवाली उत्पादनमा २० देखी २५ प्रतिशतले क्षति पुरयाईरहेको छ । |
| २०७७, २०७८ | कोभिड | सबै वडा | २७०३७ | ८ जनाको मृत्यु | १५००० | - संक्रमण, मृत्यु<br>- मनोवैज्ञानिक प्रभाव<br>- आर्थिक प्रभाव<br>- शैक्षिक प्रभाव |

## २.३ नगरपालिका प्रमुख र प्राथमिकतामा रहेका प्रकोपहरू

नारायण नगरपालिकामा भूकम्प, बाढी, सडक दुर्घटना, आगलागी, हावाहुरी, चट्याङ्, कोभिड १९ महामारी जस्ता प्रकारका विपद्का घटनाहरू विगतमा हुने गरेको पाइएको छ । स्वास्थ वडागत सङ्कटासन्नता विश्लेषण गर्दा सबै वडालाई अर्थात सिंगो नगरपालिकालाई एकैचोटी र ठूलो क्षति गर्न सक्ने र प्रभाव पार्न सक्ने विपद् भूकम्प हो । सिंगो मुलुक नै भूकम्पको उच्च जोखिममा भएकोले यो नगरपालिका पनि भूकम्पको उच्च जोखिममा छ । भूकम्प पछि कोभिड १९ जस्तै उच्च संक्रामक महामारीको यस नगरपालिकाको लागि प्रमुख स्वास्थ्य संकटको रुपमा देखिएको छ । नगरपालिकाका ११ वडाहरूमध्ये अधिकांश वडामा बाढी पहिरो बारम्बार दोहोरिरहने र बर्षेनी जनधनको धेरै क्षति गर्ने प्रकोपमा पर्दछन् । सडक दुर्घटना र आगलागी पनि यस नगरका प्रमुख प्रकोपहरू हुन् । वडाको भौगोलिक विषेशता भूस्वरुप, प्रकोपको सम्मुखता तथा सामाजिक आर्थिक अवस्थाले समग्र विपद्को जोखिम स्तर निर्धारण गर्दछ । हालको अवस्थामा वन्यजन्तुको कारणले अधिकांश वडाहरु तथा विशेषगरी कृषी क्षेत्रलाई अधिक नोक्सान गरेको पाईएको छ र यसले गर्दा खाधसंकटलाई बढावा दिईरहेको छ ।

**तालिका ३: नारायण नगरपालिकाको वडागत प्रकोप स्तरीकरण**

| प्राथमिककरण वडा नं | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | छैठौं | सातौ | आठौ | नवौ | दशौ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं १ | खडेरी | वन्य जन्तुको असर | रोगकिरा | मिचाहा प्रजाती | आगलागी | असिना | हावाहुरी | पहिरो | चटयाङ्ग | खोला कटान |
| वडा नं २ | वन्य जन्तुको असर | रोगकिरा | पहिरो | खडेरी | मिचाहा प्रजाती | असिना | आगलागी | खोला कटान | आगलागी | चटयाङ्ग |
| वडा नं ३ | वन्य जन्तुको असर | सुक्खा खडेरी | चटयाङ्ग | रोगकिरा | मिचाहा प्रजाती | पहिरो | हावाहुरी | आगलागी | असिना | खोला कटान |
| वडा नं ४ | खडेरी | वन्य जन्तुको असर | असिना | पहिरो | हावाहुरी | आगलागी | रोगकिरा | मिचाहा प्रजाती | चटयाङ्ग | खोला कटान |
| वडा नं ५ | खडेरी | आगलागी | असिना | वन्य जन्तुको असर | हावाहुरी | पहिरो | रोगकिरा | खोला कटान | चटयाङ्ग | मिचाहा प्रजाती |
| वडा नं ६ | खडेरी | आगलागी | मिचाहा प्रजाती | बर्षाको पानीले पुर्ने | मिचाहा प्रजाती | असिना | हावाहुरी | चटयाङ्ग | पहिरो | रोगकिरा |
| वडा नं ७ | खडेरी | हावाहुरी | असिना | रोगकिरा | वन्य जन्तुको असर | आगलागी | मिचाहा प्रजाती | पहिरो | खोला कटान | चटयाङ्ग |
| वडा नं ८ | खडेरी | हावाहुरी | खोला कटान | वन्य जन्तुको असर | पहिरो | खोला कटान | मिचाहा प्रजाती | रोगकिरा | असिना | चटयाङ्ग |
| वडा नं ९ | सुक्खा खडेरी | पहिरो | वन्य जन्तुको असर | खोला कटान | मिचाहा प्रजाती | आगलागी | हावाहुरी | रोगकिरा | असिना | चटयाङ्ग |
| वडा नं १० | असिना | वन्य जन्तुको असर | चटयाङ्ग | हावाहुरी | पहिरो | खोला कटान | मिचाहा प्रजाती | सुक्खा खडेरी | आगलागी | रोगकिरा |
| वडा न ११ | मिचाहा प्रजाती | सुक्खा खडेरी | रोगकिरा | पहिरो | असिना | आगलागी | खोला कटान | वन्य जन्तुको असर | हावाहुरी | चटयाङ्ग |
| **नारायण नगरपालिका** | **सुक्खा खडेरी** | **रोगकिरा** | **मिचाहा प्रजाती** | **पहिरो** | **वन्य जन्तुको असर** | **हावाहुरी** | **आगलागी** | **असिना** | **बाढी/खोला कटान** | **चटयाङ्ग** |

*श्रोत: नगरपालिकाको प्रकोप सङ्कटासन्नता तथा क्षमता लेखाजोखा, २०७८*

## २.४ प्रकोपको मौसमी विश्लेषण

भौगर्भिक प्रकृयाबाट उत्पन्न हुने भूकम्प जस्ता प्रकोप जुनसुकै समयमा पनि आउन सक्छन् जसको मौसमी प्रकृति हुँदैन । भूकम्पको लागि बाह्रै महिना उत्तिकै जोखिमयुक्त समय हो । जलवायु अथवा मौसमजन्य प्रकोपका घटना मौसममा निर्भर हुन्छन । मनसुनी हावापानीको क्षेत्रमा अवस्थित नेपालमा हावापानीको विशेषता त्यसै अनुरूप निर्धारण भएको हुन्छ । नेपालमा वार्षिक वर्षाको ८० प्रतिशत वर्षायामको चार महिनामा हुने गर्छ भने हिउँदे वर्षा कम मात्र हुने गर्दछ । त्यसकारण बाढी, डुवान जस्ता जलउत्पन्न प्रकोप जेठ देखि असोजसम्मको चार/पाँच महिनाको अवधिमा बढी हुने गर्दछन् । हिउँदको समय सुख्खा हुने तथा फागुन र चैत्रमा हावाहुरी पनि बढ्ने हुँदा आगलागीका घटना पनि बढ्छन् । सडक दुर्घटनाको कुनै मौसमी प्रकृति त हुँदैन तर वर्षाको समयमा सडक खराव हुने र बाढी पहिरोले पनि सडक दुर्घटना बढाउने भएकोले दुर्घटनाहरू बढी हुने गर्दछन् । समग्रमा महामारीको पनि खासै मौसमी प्रकृति देखिँदैन ।

प्रकोप पात्रो विश्लेषणले प्रकोपको मौसमी प्रकृति अनुसार पूर्वतयारीको लागि कुन समयमा केन्द्रित हुने र प्रतिकार्यको लागि कुन समयमा तत्पर रहने भन्ने योजना तयार गर्न मद्दत गर्दछ । नारायण नगरपालिकाको सन्दर्भमा असारदेखि असोजसम्मको समयमा बढी विपद्का घटनाहरू हुन सक्ने समय हो । यो समयमा सबैभन्दा बढी बाढीका घटनाहरू हुन सक्छन् । स्वास्थ्य संकट, सडक दुर्घटना, महामारी र भूकम्प जुनसुकै बेला पनि हुन सक्छ । त्यसैले वर्षा शुरू हुनुभन्दा अगाडी बैशाखमा पूर्वतयारी तथा प्रतिकार्य योजनाको पुनरावलोकन गर्ने, आवश्यक र तत्काल गर्नुपर्ने तयारीहरू गर्ने, संयन्त्र, जनशक्ति, यन्त्र, उपकरण तयारी अवस्थामा राख्ने गर्नु पर्दछ ताकि विपद्को समयमा छिटो र व्यवस्थित तरिकाले काम गर्न सकियोस् र जनधनको क्षति नहोस् ।

तालिका ४: नारायण नगरपालिकाको प्रकोप पात्रो

| प्रकोप | बैसाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मंशीर | पौष | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भूकम्प | | | | | | | | | | | | |
| बाढी | | | | | | | | | | | | |
| रोगकिरा | | | | | | | | | | | | |
| मिचाहा प्रजाती | | | | | | | | | | | | |
| पहिरो | | | | | | | | | | | | |
| असिना | | | | | | | | | | | | |
| वन्य जन्तुको असर | | | | | | | | | | | | |
| सडक दुर्घटना | | | | | | | | | | | | |
| आगलागी | | | | | | | | | | | | |
| सुख्खा खडेरी | | | | | | | | | | | | |
| हावाहुरी | | | | | | | | | | | | |
| चट्याङ | | | | | | | | | | | | |
| कोभिड महामारी | | | | | | | | | | | | |
| फोहोरमैला तथा प्रदुषण | | | | | | | | | | | | |
| झाडापखला | | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मौसमि फल | | | | | | | | | | | | |

श्रोत: नारायण नगरपालिकाको प्रकोप सङ्कटासन्नता तथा क्षमता लेखाजोखा, २०७८

## २.५ सामाजिक सङ्कटासन्नता विश्लेषण

एउटै विपद्को घटनाबाट पनि फरक सामाजिक समूह र उमेर समूहका मानिसलाई फरक किसिमले प्रभाव र असर पर्दछ । अपाङ्गता भएका व्यक्तिहरू, बालबालिकाहरू, बृद्धबृद्धाहरू, दीर्घरोगी तथा गर्भवती र शिशुलाई दुध खुवाउँदै गरेका आमाहरु अन्यको तुलनामा विपद्को उच्च जोखिममा हुने गर्दछन् । २०७२ सालको भूकम्पमा मृत्यु भएको जनसङ्ख्याको ४५ प्रतिशत पुरूष र ५५ प्रतिशत महिलाको सङ्ख्या रहेको थियो । यस नगरपालिकामा १.९४ प्रतिशत जनसङ्ख्या १ वर्ष मुनिको छ । ९.६५ प्रतिशत जनसङ्ख्या ५ वर्ष मुनिको छ । अपेक्षेत गर्भवतीको सङ्ख्या २.५६ प्रतिशत छ । २९.५२ प्रतिशत जनसङ्ख्या १५ वर्ष मुनिको छ । ९.८३ प्रतिशत जनसङ्ख्या ६५ वर्ष माथिको छ । अपाङ्गता भएको जनसङ्ख्या ३ प्रतिशत र ६ प्रतिशत जनसङ्ख्यामा दीर्घरोग छ । वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, दीर्घरोगी, बालबालिका, गर्भवती तथा दुध खुवाउने आमा उमेर वा स्वास्थ्य एवम् शारिरिक संवेदनशीलताका कारण बढी विपद् एवम् महामारीजन्य प्रकोपको बढी जोखिममा हुन्छन् । विपद् न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य सञ्चालन र मानवीय सहायताका लागि काम गर्दा यस प्रकारका जोखिममा रहेका समुहहरूको फरक आवश्यकता र उनीहरुको संरक्षणलाई प्राथमिकतामा राखेर सम्बोधन गर्नुपर्दछ ।

तालिका ५: नारायण नगरपालिकाको संवेदनशील एवम् जोखिममा रहेको समूहको वडागत जनसङ्ख्या

| वडा नं | १ वर्ष मुनिको जनसङ्ख्या | ५ वर्ष मुनिको जनसङ्ख्या | १४ वर्ष मुनिको जनसङ्ख्या | ६५ वर्ष माथिको जनसङ्ख्या | अपेक्षित गर्भवती जनसङ्ख्या | दीर्घरोगी जनसङ्ख्या | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ६९ | ३४५ | १०५४ | ३५१ | ९१ | | |
| २ | ४६ | २२६ | ६९१ | २३० | ६० | | |
| ३ | ३९ | १९३ | ५९२ | १९७ | ५१ | | |
| ४ | ५६ | २७७ | ८४६ | २८२ | ७३ | | |
| ५ | ४० | १९८ | ६०६ | २०२ | ५३ | | |
| ६ | ५३ | २६४ | ८०७ | २६९ | ७० | | |
| ७ | ४५ | २२१ | ६७६ | २२५ | ५९ | | |
| ८ | ३३ | १६४ | ५०२ | १६७ | ४४ | | |
| ९ | ४४ | २२१ | ६७७ | २२५ | ५९ | | |
| १० | ४३ | २१२ | ६४७ | २१५ | ५६ | | |
| ११ | ५७ | २८४ | ८६७ | २८९ | ७५ | | |
| जम्मा | **५२५** | **२६०५** | **७९६३** | **२६५२** | **६९१** | | |

श्रोत: नारायण नगरपालिकाको पार्श्वचित्र, २०७८

## २.६ प्रकोप सङकटासन्नता तथा जोखिम विश्लेषण

सम्बन्धित क्षेत्रको प्रकोप तथा सामाजिक संकटासन्नता, विगतमा विपद्बाट भएको असर, छलफलबाट आएका तथ्य तथा सूचनाहरूका साथै अन्य सूचनाहरूको विश्लेषण समेतको आधारमा प्रमुख प्रकोपहरूको जोखिम स्तर

नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय, दैलेख कर्णाली प्रदेश, नेपाल

निर्धारण गरिएको छ । कुनै पनि प्रकोपको सङ्कटासन्नता समुदाय तथा जनसङ्ख्याको संवेदनशीलता, विपद्का घटनाको आवृत्ति, गाम्भिर्यता र प्रभावको विस्तार जस्ता कुराहरुको आधारमा उच्च, मध्यम र न्यून गरी जोखिम स्तर निर्धारण गरिएको छ । यसरी विश्लेषण गर्दा यस नगरपालिकामा भूकम्प, बाढी, सडक दुर्घटना र कोभिड १९ को उच्च जोखिम रहेको देखिन्छ भने आगलागी, चट्याङ, हावाहुरीको मध्यम जोखिम देखिएको छ ।

तालिका ६: नारायण नगरपालिकाको प्रकोप संकटासन्नता तथा जोखिम विश्लेषण

| विपद् | संकटासन्नता (Vulnerability) | आवृत्ति (Frequency) | गम्भिर्यता (Intensity) | प्रभाव (Impact) | जोखिम (Risk) |
|---|---|---|---|---|---|
| भूकम्प | **उच्च**<br>- सिंगो हिमालय क्षेत्र नै उच्च जोखिममा रहेको<br>- भौगर्भिक चिराहरू नजिकै रहेको<br>- भवन संरचनाहरू कमजोर रहेको<br>- वृद्धबृद्धा, बालबालिका, अपाङ्गता भएको जनसङ्ख्या उल्लेख्य रहेको | मध्यम | उच्च | उच्च | उच्च |
| बाढी | मध्यम<br>- नदी किनारमा बढेको अतिक्रमण<br>- माथिल्लो जलाधार क्षेत्रमा जाने पहिरो<br>- बाढीको जोखिमयुक्त ठाउँमा बसेको बस्ती<br>- विकास निर्माणका कामले बढाएको जोखिम<br>- वृद्धबृद्धा, बालबालिका, अपाङ्गता भएको जनसङ्ख्या | उच्च | उच्च | मध्यम | **उच्च** |
| रोगकिरा | उच्च<br>जलबायु परिवर्तन<br>वर्णशंकर बिउविजन/बालीनालीको प्रयोग<br>अत्याधिक विषादीको प्रयोग<br>कृषी क्षेत्रमा न्युन लगानी<br>दक्ष कृषी प्राविधिकहरुको परिचालनमा कमी<br>मिश्रित कृषी प्रणाली | उच्च | उच्च | मध्यम | मध्यम |
| मिचाहा प्रजाती | मध्यम<br>जलबायु परिवर्तन<br>वर्णशंकर बिउविजन/बालीनालीको प्रयोग<br>अत्याधिक विषादीको प्रयोग<br>कृषी क्षेत्रमा न्युन लगानी<br>मिश्रित कृषी प्रणाली | उच्च | उच्च | मध्यम | मध्यम |
| पहिरो | मध्यम<br>कमजोर भुबनोट<br>जलबायु परिवर्तन (अतिवृष्टी, अनावृष्टी हुनु)<br>वातावरणीय प्रभाव मुल्याङ्कन नगरीकन सडक सञ्जालको विस्तार<br>सडक सञ्जालको विस्तार गर्दा हेभी यन्त्र तथा उपकरणहरुको प्रयोग<br>विपद पुर्वतयारी तथा जोखिम न्युनीकरण सम्बन्धि ज्ञानको अभाव | मध्यम | उच्च | मध्यम | मध्यम |

नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय, दैलेख कर्णाली प्रदेश, नेपाल

| विपद् | संकटासन्नता (Vulnerability) | आवृत्ति (Frequency) | गम्भिर्यता (Intensity) | प्रभाव (Impact) | जोखिम (Risk) |
|---|---|---|---|---|---|
| असिना | मध्यम<br>जलबायु परिवर्तन (अतिवृष्टी, अनावृष्टी हुनु)<br>भौगोलिक अवस्थिति | मध्यम | मध्यम | मध्यम | मध्यम |
| वन्य जन्तुको असर | मध्यम<br>वनजङ्गल अतिक्रमण<br>तिव्र वनविनाश<br>वन्यजन्तुको आहारामा कमी<br>वनक्षेत्र नजिक खेतीपाति गरिनु<br>घेरबारको व्यवस्था नहुनु | उच्च | उच्च | उच्च | मध्यम |
| सडक दुर्घटना | - मध्यम<br>- विस्तार हुँदै गएको सडक सञ्जाल<br>- सडकको कमजोर गुणस्तर<br>- मुख्य राजर्गमा अवस्थित<br>- बढ्दै गएको सवारी साधनको सङ्ख्या<br>- सडक सुरक्षा सम्बन्धी कमजोर बुझाई | उच्च | उच्च | मध्यम | **उच्च** |
| आगलागी | मध्यम<br>- विद्युत सर्ट भएर हुने बढ्दो घटना<br>- बढ्दो शहरीकरण<br>- बढ्दै गएको सुख्खा याम<br>- सामाजिक आर्थिक सङ्कटासन्नता<br>- जनचेतनाको कमजोर अवस्था | मध्यम | उच्च | मध्यम | **मध्यम** |
| हावाहुरी | मध्यम<br>- जलवायुमा आएको परिवर्तन<br>- कमजोर सामाजिक आर्थिक अवस्था<br>- जनचेतनाको स्तर | मध्यम | उच्च | मध्यम | **मध्यम** |
| चटयाङ | मध्यम<br>- जलवायुमा आएको परिवर्तन<br>- शहरीकरण र विद्युतीकरणको विस्तार<br>- राम्ररी अर्थिङ नगरिनु<br>- कम गुणस्तरीय विद्युतीय सामानहरूको प्रयोग<br>- जनचेतनाको कमी | मध्यम | उच्च | मध्यम | **मध्यम** |
| कोभिड १९ | उच्च<br>- उच्च संक्रामक भाइरस<br>- कमजोर स्वास्थ पूर्वाधार र तयारी<br>- सावधानीका उपायहरूको कमजोर पालना<br>- जनचेतनाको कमजोर स्तर<br>- सामाजिक आर्थिक सङ्कटासन्नता<br>- उच्च जोखिम समूहमा रहेको जनसंख्या | मध्यम | उच्च | उच्च | **उच्च** |
| झाडापखाला | मध्यम<br>सरसफाईमा कमी<br>बासी सडेगलेका खानेकुराको प्रयोग | उच्च | उच्च | मध्यम | मध्यम |

नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय दैलेख कर्णाली प्रदेश, नेपाल

| विपद् | संकटासन्नता (Vulnerability) | आवृत्ति (Frequency) | गम्भिर्यता (Intensity) | प्रभाव (Impact) | जोखिम (Risk) |
|---|---|---|---|---|---|
| | पानी शद्धिकरण नगरीकन पिउनु<br>स्वच्छता (व्यक्तिगत सरसफाई, साबुन पानीले हात नधुने)<br>राम्रोसंग खानेकुरा नपकाईकन प्रयोग गर्ने बानी | | | | |
| मौसमि फलु | मध्यम<br>मौसममा आएको परिवर्तन<br>अत्याधिक चिसो<br>सरसफाईमा कमी<br>स्वच्छता (व्यक्तिगत सरसफाई, साबुन पानीले हात नधुने) | उच्च | उच्च | मध्यम | मध्यम |
| सर्पदंश | **मध्यम**<br>- वर्षा याममा विषालु सर्पहरु निस्कने<br>- सावधानीका उपायहरूको कमजोर पालना | मध्यम | उच्च | न्यून | मध्यम |

*श्रोत: नारायण नगरपालिकाको संकटासन्नता तथा क्षमता लेखाजोखा, २०७८*

*नोट: नारायण नगरपालिकाको प्रकोप संकटासन्नता तथा विपद् जोखिम विश्लेषण नगरको संकटासन्नता तथा क्षमता लेखाजोखाको क्रममा कुनै पनि प्रकोपको विद्यमान संकटसन्नता, बारम्बार दोहारेने सम्भावना, त्यसको गाम्भीर्यता र प्रकोप आएको खण्डमा त्यसबाट पर्नसक्ने प्रभावको आधारमा समूहमा छलफल गरी जोखिमस्तर निर्धारण गरिएको हो ।*

## २.७ सम्भावित विपद् जोखिम विश्लेषण

तालिका ७: नारायण नगरपालिकाको सम्भाव्य विपद् र प्रभाव क्षेत्र

| सम्भावित विपद् | उच्च जोखिम वडा | उच्च जोखिम बस्तीहरू | जोखिममा रहेको पूर्वाधार/अन्य क्षेत्र | जोखिममा रहेका घरधुरी | जोखिममा रहेको जनसङ्ख्या |
|---|---|---|---|---|---|
| भूकम्प | अधिकांश | अधिकांश | - व्यक्तिगत घर<br>- सरकारी भवन<br>- विद्यालय<br>- स्वास्थ्य संस्था<br>- सडक<br>- सामुदायिक भवन<br>- व्यापारिक भवन | ५७९१ | २७०३७ |
| बाढी | अधिकांश | अधिकांश | - व्यक्तिगत घर<br>- सरकारी भवन<br>- विद्यालय<br>- स्वास्थ्य संस्था<br>- सडक<br>- खेतीयोग्य जमिन | ५७९१ | २७०३७ |

नगर कार्यपालिकाको कार्यालय, दैलेख, कर्णाली प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - खानेपानी संरचना | | |
| रोगकिरा | अधिकांश | अधिकांश | - खेती | ५७९१ | २७०३७ |
| मिचाहा प्रजाती | अधिकांश | अधिकांश | - खेती | ५७९१ | २७०३७ |
| पहिरो | अधिकांश | अधिकांश | - व्यक्तिगत घर<br>- सरकारी भवन<br>- विद्यालय<br>- स्वास्थ्य संस्था<br>- सडक<br>- खेतीयोग्य जमिन<br>- खानेपानी संरचना | ५७९१ | २७०३७ |
| असिना | अधिकांश | अधिकांश | - खेती | ५७९१ | २७०३७ |
| वन्य जन्तुको असर | अधिकांश | अधिकांश | - खेती | ५७९१ | २७०३७ |
| सडक दुर्घटना | अधिकांश | अधिकांश | - सडक<br>- अङ्गभङ्ग<br>- मृत्यु | ५७९१ | २७०३७ |
| आगलागी | अधिकांश | अधिकांश | - व्यक्तिगत घर<br>- सरकारी भवन<br>- विद्यालय<br>- स्वास्थ्य संस्था | ५७९१ | २७०३७ |
| हावाहुरी | अधिकांश | अधिकांश | - व्यक्तिगत घर<br>- सरकारी भवन<br>- विद्यालय<br>- स्वास्थ्य संस्था<br>- सडक<br>- खेतीयोग्य जमिन<br>- खानेपानी संरचना | ५७९१ | २७०३७ |
| चट्याङ् | अधिकांश | अधिकांश | - व्यक्तिगत घर<br>- सरकारी भवन<br>- विद्यालय<br>- स्वास्थ्य संस्था<br>- सडक<br>- खानेपानी संरचना | ५७९१ | २७०३७ |
| कोभिड महामारी | अधिकांश | अधिकांश | - मानिसहरु | ५७९१ | २७०३७ |
| सर्पदंश | अधिकांश | अधिकांश | - मानिसहरु | ५७९१ | २७०३७ |

*श्रोत: नारायण नगरपालिकाको संकटासन्नता तथा क्षमता लेखाजोखा, २०७८*

## २.८ सम्भावित विपद्को अनुमानित परिदृष्य

नारायण नगरपालिकाको बहुप्रकोपको अवस्थालाई हेर्दा भूकम्प, बाढी, सडक दुर्घटना, आगलागी, हावाहुरी, चट्याङ र कोभिड १९ महामारी, झाडापखाला र मौसमी फलु जस्ता विपद् एवम् महामारीजन्य स्वास्थ्य संकटको जोखिम देखिन्छ । छलफलबाट गरिएको सङ्कटासन्नता तथा क्षमता विश्लेषणबाट प्रत्येक वर्ष दोहोरिरहने बाढीबाट मात्र १५०० घरधुरी उच्च जोखिममा रहेको देखिएको छ भने ७५०० जनसङ्ख्यालाई प्रत्यक्ष प्रभाव पर्ने देखिएको छ । भूकम्पको प्रभाव यो भन्दा व्यापक हुनसक्छ, भने कोभिडजस्ता महामारीजन्य विपद्को प्रभाव अझ धेरै विस्तार हुनसक्ने देखिन्छ । विपद्बाट नगरको लगभग १२ प्रतिशत जनसङ्ख्या प्रभावित हुँदा संवेदनशील तथा जोखिममा रहेको समूहको अनुमानित जनसङ्ख्या तालिका १० मा दिइएअनुसार हुनसक्ने आँकलन गरिएको छ । प्रतिकार्यका क्रममा उक्त संवेदनशील समूहमा रहेको जनसङ्ख्यालाई प्राथमिकतामा राखेर उनीहरूको विशेष आवश्यकता र संरक्षणको प्रवन्ध गर्नुपर्दछ र विषय क्षेत्रगत पूर्वतयारी पनि यसै अनुरुप गर्नुपर्दछ ।

तालिका ८: संवेदनशील एवम् जोखिममा रहेको समूह र परिवारको वडागत जनसङ्ख्या

| जोखिममा रहेको तथा संवेदनशील समूह | १ वर्ष मुनिको जनसङ्ख्या | ५ वर्ष मुनिको जनसङ्ख्या | १५ वर्ष मुनिको | ६५ वर्ष माथिको जनसङ्ख्या | अपेक्षित गर्भवती जनसङ्ख्या | अपाङ्गता भएको जनसङ्ख्या | दीर्घरोगी जनसङ्ख्या | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| प्रभावित हुनसक्ने अनुमानित जनसङ्ख्या | १५९ | ७१२ | २१४३ | ३६७ | १९३ | १४७८ | ७९३२ | **३५७४** |

बाढी तथा भूकम्प जस्ता विपद्को अवस्थामा सडकहरू अवरुद्ध हुन्छन् । विद्युत र सचार संरचनाहरूमा क्षति भएर सेवा अवरूद्ध हुन पुग्छ । खोज उद्धारका लागि सूचना आदान प्रदानमा समस्या हुन्छ । सडक अवरूद्ध हुँदा घाइतेहरूको उद्धार र उपचारमा समस्या हुनका साथै मानवीय सहायता सामग्रीहरू प्रभावित समुदायसम्म पुऱ्याउन र सहायताकर्मीहरू त्यहाँ पुग्न नसक्ने अवस्था आउँछ । भूकम्पको समयमा घरहरू ध्वस्त हुन्छन । भूकम्प तथा बाढीको समयमा ठूलो जनसङ्ख्या विस्थापित हुने हुँदा बसोबासको प्रवन्ध गर्नुपर्ने हुन्छ । महामारीजन्य विपद् छिटो फैलनुका साथै मानव स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने हुँदा दैनिक जनजीवन नराम्ररी प्रभावित हुन पुग्छ । यस्तो परिस्थितिमा सकेसम्म तत्काल र प्रभावकारी रूपमा स्वास्थ्य संकट व्यवस्थापन तथा मानवीय सहायतामा जुट्नु, संक्रमित एवम् घाइतेहरूको तत्काल उद्धार गरी जीवन रक्षाको लागि उपचारको प्रवन्ध गर्नु, प्रभावित तथा विस्थापितहरूलाई मानवीय सहायता उपलब्ध गराउनु र जनजीवन क्रमश: सामान्य अवस्थामा ल्याउन पहल गर्नु नगरपालिकाको प्राथमिक दायित्व हुन्छ । यसको लागि पर्याप्त पूर्वतयारीको जरूरत पर्दछ ।

## २.९ नगरपालिकाको क्षमता विश्लेषण

विपद् एवम् स्वास्थ्य संकटको प्रभावकारी प्रतिकार्य, पर्याप्त पूर्वतयारी र विपद् पछिको परिस्थितिलाई यथाशीघ्र सामान्य अवस्थामा फर्काउन तथा विपद् जोखिम न्यूनीकरणका गतिविधिहरू संचालन गर्न आवश्यक पर्ने संस्था, संरचना, नीति, कानून, योजना, पूर्वाधार, भौतिक स्रोत साधन, प्राकृतिक स्रोत, सामाजिक स्रोत, आर्थिक स्रोत र

मानवीय स्रोतको विद्यमान अवस्थाको लेखाजोखा र नगरको विपद् प्रतिकार्य क्षमता सुदृढ गर्नको लागि नगरपालिकाको क्षमता अभिवृद्धिको आवश्यकता विश्लेषण तालिका ९ मा प्रस्तुत गरिएको छ ।

तालिका ९: नारायण नगरपालिकाको क्षमता विश्लेषण

| क्षेत्र | अवस्था विश्लेषण | आवश्यकता विश्लेषण |
|---|---|---|
| कानून, नीति, निर्देशिका र योजना | - राहत कोष सञ्चालन सम्बन्धी कार्यविधिको मस्यौदा बनेको,<br>- नगरको स्वास्थ्य नीति एवम् स्वास्थ्य ऐन बनेको,<br>- नगर विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बन्ने क्रममा रहेको । | - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन नबनेको<br>- ऐन एवम् कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्ने,<br>- विपद् राहत सम्बन्धी मापदण्ड बनाउनु पर्ने,<br>- विपद् जोखिम न्यूनीकरण एवम् व्यवस्थापन नीति तथा कार्ययोजना बनाउनु पर्ने,<br>- जोखिम सूचूचित क्षेत्रगत विकास योजना बनाउनु पर्ने । |
| संस्था एवम् संरचना | - स्थानीय विपद् व्यवस्थापन समिति गठन भएको,<br>- वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन भएको,<br>- जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन विषयगत समिति गठन भएको,<br>- नगरपालिका स्तरीय आपतकालिन कार्य सञ्चालन केन्द्र स्थापना भएको (MEOC)<br>- नगरपालिकामा विपद् व्यवस्थापन सम्पर्क अधिकृत तोकिएको,<br>- नगरपालिका तहमा द्रुत प्रतिकार्य टोली गठन भएको ।<br>- | - खोज उद्धार, प्राथमिक उपचार, विपद् लेखाजोखा कार्यादल गठन गर्नुपर्ने,<br>- नगर आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना गर्नुपर्ने,<br>- जनप्रतिनिधि र कर्मचारीलाई अभिमुखीकरण गर्नुपर्ने ।<br>- वडा तहमा द्रुत प्रतिकार्य टोली (RRT) गठन गर्नुपर्ने । |
| पूर्व सूचना तथा विपद् सूचना व्यवस्थापन | - नगरपालिकाको स्वास्थ्य सम्बन्धी डिजिटल प्रोफाइल तयार भएको,<br>- नगर पार्श्वचित्र बने तापनि धेरै क्षेत्र नसमेटीएको<br>- नगरको विपद् जोखिम एवम् स्वास्थ्य संकट सम्बन्धी अध्ययन नक्शाङ्कन नभएको । | - नगरको स्वास्थ्य प्रोफाइलमा स्वास्थ्य संकटलाई सम्बन्धी विवरण पनि समावेश गर्नुपर्ने<br>- नगर प्रोफाइलमा प्रमुख प्रकोप तथा विपद् सम्बन्धी विवरण समावेश गर्नुपर्ने । |

| क्षेत्र | अवस्था विश्लेषण | आवश्यकता विश्लेषण |
|---|---|---|
| पूर्वाधार तथा भौतिक श्रोत साधन | - नगरपालिका पूर्व पश्चिम राजमार्गमा रहेको र सबै वडा र बस्तीमा सडक पुगेको,<br>- सबै वडामा विद्युत पुगेको,<br>- सबै वडा र घरधुरीमा खानेपानी पुगेको,<br>- सबै वडा र घरधुरीमा सरसफाई सुविधा पुगेको,<br>- नगरमा सरकारी र निजि गरी ४२ शिक्षण संस्थाहरु रहेको,<br>- नगरमा रहेका स्वास्थ्य संस्थाहरू (हस्पिटल –१, स्वस्थ्य केन्द्र –६, शहरी स्वास्थ्य केन्द्र– १, आधारभूत स्वास्थ्य केन्द्र–४, २ वटा शहरी स्वास्थ्य केन्द्र, १ सामुदायिक स्वास्थ्य इकाई रहेको<br>- नगरपालिकामा १ वटा एम्बुलेन्स रहेको,<br>- नगरपालिकामा १ वटा दमकल रहेको । | - सबै वडामा आपत्कालीन प्रयोजनका लागि खुल्ला क्षेत्रको पहिचान गर्नुपर्ने,<br>- आपत्कालीन आश्रयस्थल बनाउन सकिने सामुदायिक भवन तथा खुल्ला ठाउँमा सडक, खानेपानी र सरसफाई पूर्वाधार निर्माण गर्नुपर्ने,<br>- प्रत्येक वडामा सामान्य खोज उद्धारका सामग्रीहरू, प्राथमिक उपचार एवम् स्वास्थ्य एवम् व्यक्तिगत सुरक्षाका सामग्रीहरू तयारी राख्नुपर्ने । |
| प्राकृतिक श्रोत | - वनक्षेत्र रहेको<br>- खुल्ला चउर रहेको<br>- नदीनाला रहेको<br>- पानीका मुहान रहेको<br>- ढुङ्गाखानी रहेको<br>- बाँसघारी रहेको | - पानीका मुहान ताल पोखरी र वन क्षेत्रको संरक्षण गर्नुपर्ने<br>- आपत्कालीन आश्रयस्थल बनाउन सकिने खुल्ला ठाउँको पहिचान गरी सडक खानेपानी र सरसफाई पूर्वाधारहरूको तयारी गर्नुपर्ने । |
| सामाजिक श्रोत | - आमा समूह<br>- टोल सुधार<br>- युवा संस्था<br>- बाल क्लब<br>- सामुदायिक भवन<br>- सहकारी<br>- सामाजिक संघ संस्था | - सामाजिक संस्था तथा स्रोतहरूलाई विपद् न्यूनीकरण तथा पूर्वतयारीमा संलग्न गराउने र परिचालन गर्ने नीति र कार्यक्रम बनाउनु पर्ने ।<br>- सामाजिक संस्थाहरूको संयन्त्र बनाई उनीहरूको श्रोतलाई एकिकृत रुपमा परिचालन गर्नुपर्ने<br>- सामाजिक संस्थाहरूको विपद् व्यवस्थापन तथा प्रतिकार्य क्षमता बढाउनुपर्ने |
| आर्थिक श्रोत | - बैंक<br>- सहकारी<br>- बचत समूह<br>- विपद् कोष<br>- पारिवारिक बचत | - नीति तथा प्रक्रिया तय गरी आर्थिक क्षेत्रलाई विपद् जोखिम न्यूनीकरणमा लगानी गर्ने र श्रोत परिचालन गर्नुपर्ने<br>- सहकारी संस्था तथा बचत समूहले आफ्ना सदस्यहरूका लागि आपत्कालीन सहायता कोषको प्रवन्ध गर्नुपर्ने<br>- बीमा कम्पनीहरूसँग समन्वय गरी विपद् बीमाको शुरूवात तथा प्रवर्धन गर्नुपर्ने |
| मानवीय श्रोत | - तालिम प्राप्त खोज तथा उद्धारकर्ता<br>- सुरक्षा कर्मी<br>- प्राथमिक उपचारक | - नगरपालिकामा रहेको जनशक्तिलाई संगठित रूपमा विपद् प्रतिकार्य र पूर्वतयारीमा परिचालनको लागि तयारी गर्नुपर्ने |

नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय, दैलेख कर्णाली प्रदेश, नेपाल

| क्षेत्र | अवस्था विश्लेषण | आवश्यकता विश्लेषण |
|---|---|---|
| | - स्वास्थ्यकर्मी ( डाक्टर – ३, स्वास्थ्य सहायक – १२, जनस्वास्थ्य अधिकृत - १ जना)<br>- भूकम्प प्रतिरोधी घर बनाउन सक्ने तालिम प्राप्त मिस्त्रीहरु<br>- अस्थायी आवास निर्माण गर्न सक्ने तालिम प्राप्त जनशक्तिहरु<br>- विपद् सम्बन्धी तालिम दिनसक्ने जनशक्ति- | - वडा तहमा विपद् प्रतिकार्य टोली तयार गरी तालिम दिएर प्रथम सामुदायिक उद्धारक (First Community Responder) तयार गर्नुपर्ने<br>- भूकम्प प्रतिरोधी घर बनाउन सक्ने जनशक्तिलाई संगठित गरी क्षमता अभिवृद्धि गर्नुपर्ने ।<br>- वडा तहमा स्वास्थ्य संस्थासँग समन्वय गरी प्राथमिक उपचार टोली तयार गर्नुपर्ने<br>- विपद् लेखाजोखा गर्नसक्ने जनशक्ति वडा तहमा तयार गर्नुपर्ने<br>- प्रत्येक वडामा स्वास्थ्य संस्था अन्तरगत द्रुत प्रतिकार्य टोली (RRT) गठन गर्नुपर्ने । |

## २.१० विषयगत क्षेत्र तथा कार्य जिम्मेवारी

सरकारी, सार्वजनिक तथा नीजि क्षेत्रको स्रोत साधन तथा सम्बन्धित क्षेत्रको विज्ञतालाई समेत समन्वयात्मक रुपमा परिचालन गरी विपद् प्रतिकार्य तथा पूर्वतयारीलाई प्रभावकारी बनाउन अन्तर्राष्ट्रिय स्तरमा विषयगत क्षेत्र (Cluster) को अभ्यास हुँदै आएको छ । राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७५ ले पनि विपद् प्रतिकार्यका लागि ११ वटा केन्द्रीय विषयगत क्षेत्र (Central Cluster) निर्धारण गरेको छ । यसैगरी विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० ले राखेको संघ, प्रदेश र स्थानीय तहसम्म क्षेत्रगत कार्य समूहको अवधारणा (Cluster Approach) को आधारमा विपद् प्रतिकार्य र पूर्वतयारीलाई प्रभावकारी बनाउने रणनीति क्रियाकलाप राखेको छ । यस सन्दर्भमा नारायण नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनका लागि स्थानीय आवश्यकता र नगरपालिकाको संस्थागत संरचना अनुसार सातवटा विषयगत क्षेत्र निर्धारण गरिएको छ । उक्त विषयगत क्षेत्रको गठन र कार्य जिम्मेवारी देहाय बमोजिम रहको छ ।

तालिका १०: विषयगत क्षेत्र र यसको नेतृत्व

| क्रसं | विषयगत क्षेत्र | नेतृत्व |
|---|---|---|
| १ | समन्वय, खोज तथा उद्धार विषयगत क्षेत्र | नगर प्रमुख – नगर विपद् व्यवस्थापन समिति |
| २ | प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र | संयोजक - सामाजिक विकास समिति |
| ३ | आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामग्री एवम् बन्दोबस्ती विषयगत क्षेत्र | संयोजक - वातावरण तथा विपद् व्यवस्थापन समिति |
| ४ | खानेपानी सरसफाई तथा स्वस्थता प्रवर्द्धन विषयगत क्षेत्र | संयोजक - सामाजिक विकास समिति |

| | | |
|---|---|---|
| ५ | आपत्कालीन संरक्षण तथा शिक्षा विषयगत क्षेत्र | संयोजक - सामाजिक विकास समिति |
| ६ | विपद् लेखाजोखा एवम् सूचना व्यवस्थापन विषयगत क्षेत्र | संयोजक - वातावरण तथा विपद् व्यवस्थापन समिति |
| ७ | जीविकोपार्जन, पुनर्स्थापना तथा शीघ्र पुनर्लाभ विषयगत क्षेत्र | संयोजक - पूर्वाधार विकास समिति |

## २.१०.१ समन्वय, खोज तथा उद्धार विषयगत क्षेत्र

नगरपालिका क्षेत्रमा कुनै पनि विपद्को घटना वा स्वास्थ्य संकटको स्थिति हुनासाथ तत्काल प्रतिकार्यमा जुटेर मानवीय जीवन रक्षा तथा सम्पत्तिको सुरक्षा गरी जनजीवन सामान्य अवस्थामा ल्याउनु पर्ने हुन्छ । यसका लागि नगर विपद् व्यवस्थापन समितिको अध्यक्षको हैसियतले विपद् प्रतिकार्यको सम्पूर्ण नेतृत्व नगर प्रमुखले गर्नुपर्दछ । विपद्को परिस्थितिमा एकातिर अन्य विषयगत क्षेत्रका साथै नगरपालिका मातहतका स्रोत साधन र सबै संयन्त्रहरू प्रतिकार्यका लागि परिचालन गर्नुपर्दछ । विपद्को प्रभाव अनुसार बाह्य सहयोगको लागि नगरपालिकाभित्र र बाहिर, जिल्ला, प्रदेश तथा केन्द्रीय निकायहरूसम्म समन्वय गर्नुपर्दछ । विपद् पूर्वतयारीका लागि सरोकारवाला निकायहरूसँग निरन्तर समन्वय र सहकार्य गर्ने तथा विपद्को समयमा विपद् प्रभावित समुदायमा तुरून्त खोज उद्धार, प्राथमिक उपचार र राहत वितरणको लागि समन्वय गर्ने, विपद् प्रभावितहरूको पहिचान गरी परिचयपत्र उपलब्ध गराउने, मानिसको मृत्यु भएमा सनाखत गरी शव व्यवस्थापन (वा हस्तान्तरण) को प्रवन्ध मिलाउने र यसको लागि समयमै आवश्यक पूर्वतयारी गर्ने समन्वय, खोज तथा उद्धार विषयगत क्षेत्रको मुख्य जिम्मेवारी हो । यस विषयगत क्षेत्रको नेतृत्व नगर प्रमुखले गर्दछन् । नगरपालिकामा रहेका सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, निजी क्षेत्रका प्रतिनिधि र अन्य सबै विषय क्षेत्रका संयोजकहरू यसमा सदस्य रहन्छन् । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले यस विषयगत क्षेत्रको सदस्य सचिवको रूपमा काम गर्दछन् ।

## २.१०.२ प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र

विपद्को समयमा खोज उद्धार कार्यसँगै घाइतेहरूको जीवन रक्षाको लागि प्राथमिक उपचार सेवा आवश्यक पर्दछ । त्यसपछि गम्भीर प्रकृतिका घाइतेहरूको लागि थप उपचारको प्रवन्ध गर्नु पर्दछ । प्रभावित समुदाय तथा अस्थायी आश्रयस्थलमा स्वास्थ्य सेवालाई निरन्तरता दिनु पर्ने हुन्छ । महामारीजन्य विपद् तथा स्वास्थ्य संकटको समयमा रोकथाम तथा व्यवस्थापनमा स्वास्थ्य क्षेत्रको प्रमुख भूमिका हुन्छ । विपद् प्रभावित समुदायका बालबालिका, बृद्धबृद्धा, गर्भवती तथा दुध खुवाउने आमाहरूको लागि थप पोषणयुक्त खानाको आवश्यकता पर्दछ । नगरपालिकाको स्वास्थ्य संरचना र क्षमताको परिचालन गरी प्राथमिक उपचार, स्वास्थ्य सेवा र पोषणको प्रवन्ध गर्नु यस विषयगत क्षेत्रको प्रमुख जिम्मेवारी हो । साथै यस विषयगत क्षेत्रले कोभिड-१९ लगायतका महाव्याधीको संक्रमण, स्वास्थ्य संकटको रोकथाम, नियन्त्रण र व्यवस्थापनको कार्य समेत गर्नेछ । यस विषयगत क्षेत्रको नेतृत्व नगरपालिकाको सामाजिक विकास समितिको संयोजकले गर्दछन् भने नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख सदस्य सचिव रहन्छन् । नगरपालिकामा रहेका स्वास्थ्य संस्था तथा

अस्पतालहरू र स्वास्थ्य तथा पोषणको क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधिहरु यस विषयगत क्षेत्रको सदस्यको रुपमा रहन्छन् ।

### २.१०.३ आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामाग्री एवम् बन्दोबस्ती विषयगत क्षेत्र

नगरपालिका क्षेत्रमा कुनै पनि विपद्को घटना वा स्वास्थ्य संकटको स्थिति हुनासाथ त्यसबाट विस्थापित तथा प्रभावित भएकाहरुलाई बस्नको लागि आश्रयस्थल र आश्रयस्थलमा बसेका वा समुदायमै रहेका प्रभावितहरूलाई चामल, दाल, नुन, तेल आदि खाद्य सामाग्री उपलब्ध गराउने, खानेकुरा पकाउनको लागि आवश्यक प्रवन्ध मिलाउने ओढ्ने ओछ्याउने लगायतका गैर खाद्य सामाग्री एवम् लगाउने कपडाको प्रवन्ध गर्ने । महामारीजन्य स्वास्थ्य संकटको समयमा क्वारेन्टिन एवम् आइसोलेसन केन्द्रको व्यवस्थापन गर्ने, खोज उद्धार, राहत एवम् स्वास्थ्य सामाग्रीहरूको खरिद तथा भण्डारण एवम् ढुवानीको प्रवन्ध गर्ने, विपद् लेखाजोखा लगायतका कामको लागि आवश्यक बन्दोबस्ती मिलाउने यस विषय क्षेत्रको मुख्य जिम्मेवारी हो । यस विषयगत क्षेत्रको नेतृत्व वन वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजकले गर्दछन् भने विपद् व्यवस्थापन सम्पर्क अधिकृत सदस्य सचिवको रुपमा रहन्छन् ।

### २.१०.४ खानेपानी, सरसफाई तथा स्वस्थता प्रवर्द्धन विषयगत क्षेत्र

विपद् पश्चात प्रभावित समुदायमा खानेपानी तथा सरसफाईका पूर्वाधारहरूमा क्षति पुग्छ । विस्थापितहरूले आश्रय लिएको आश्रयस्थलमा खानेपानी र सरसफाइको उचित र पर्याप्त प्रवन्ध गर्नु पर्दछ । विपद्पछि सरसफाई र स्वच्छताको उचित प्रवन्ध नभएमा विभिन्न महामारी फैलिन सक्छ । विपद् प्रभावितहरूको लागि स्वच्छ र पर्याप्त खानेपानी तथा सरसरफाइको प्रवन्ध गर्नु, विपद् प्रभावित समुदाय तथा अस्थायी आश्रयस्थल वा क्वारेन्टिन र आइसोलेसन केन्द्रहरुमा खानेपानी एवम् सरसफाईको प्रवन्ध तथा स्वच्छता प्रवर्धन गर्नु, प्रभावितहरूको लागि मापदण्ड अनुसारको सरसफाई तथा स्वच्छता प्रवर्धनका सामाग्रीहरूको सुनिश्चिता गर्नु, विपद्जन्य घटनाबाट सिर्जना भएका फोहोरहरू सरसफाई गर्नु, मरेका पशुपंक्षीहरूको व्यवस्थापन गर्नु, व्यक्तिगत सरसफाईको लागि स्वच्छता सम्बन्धी सरसामानहरू (जस्तैः हाईजिन किट, पियुष, क्लोरिन, डस्टविन, आदि) उपलब्ध गराउनु, विपद्बाट क्षति भएका खानेपानी तथा सरसफाईका पूर्वाधारहरू पुनर्स्थापना गर्न सहयोग गर्नु यस विषयगत क्षेत्रको मुख्य जिम्मेवारी हो । यस विषयगत क्षेत्रको नेतृत्व सामाजिक विकास समितिको संयोजकले गर्दछन् भने खानेपानी तथा सरसफाई शाखा प्रमुखले सदस्य सचिवको रुपमा काम गर्दछन् । खानेपानी सरसफाई तथा स्वच्छता प्रवर्द्धनको क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधिहरू यस विषयगत क्षेत्रको सदस्य रहन्छन् ।

### २.१०.५ संरक्षण तथा आपत्कालीन शिक्षा विषयगत क्षेत्र

विपद्को घटना पछि परिवारहरू विस्थापित हुन्छन् । कतिपय बालबालिकाले अभिभावक गुमाउँछन् । यस्तो अवस्थामा महिला र बालबालिकामाथि हिंसा बढ्छ । नारायण नगरपालिकाका धेरै विद्यालयहरू बाढी, आगलागी, चट्याङ जस्ता प्रकोपको जोखिममा छन् र विगतमा पनि प्रभावित हुँदै आइरहेका छन् । २०७२ सालको भूकम्पबाट पनि थुप्रै विद्यालयहरूमा क्षति पुग्यो । यो भन्दा ठूलो भूकम्प आएको खण्डमा अधिकांश विद्यालयमा क्षति पुग्छ । कोभिड-१९ को महामारीको कारण लामो समयसम्म विद्यालयहरू बन्द भए । संरक्षण तथा शिक्षा विषयगत क्षेत्रले विपद्को समयमा किशोरी, गर्भवती महिला, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू, शिशु,

बालबालिका, बृद्धबृद्धाहरूलाई संरक्षण गर्ने, उनीहरूको आवश्यकता बमोजिमका सरसामानहरू जस्तैः सेनेटरी प्याड, खेलकुदका सामान आदि उपलब्ध गराउने, घरपरिवारका सदस्य गुमाएकाहरू तथा विपद्का कारण त्रसित व्यक्तिहरूलाई मनोसामाजिक परामर्श सेवा दिने र हिंसामुक्त वातावरण सिर्जना गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नु पर्दछ । विद्यालयहरू क्षति भएमा वा भौतिक उपस्थितिमा विद्यालय सञ्चालन गर्ने अवस्था नभएमा तत्काल शैक्षिक निरन्तरताको लागि वैकल्पिक व्यवस्था गर्ने र सामान्य अवस्थामा यसको लागि पूर्वतयारी तथा सुरक्षित विद्यालय कार्यढाँचालाई कार्यान्वयन गर्न सहयोग गर्ने, वैकल्पिक सिकाई निरन्तरताको लागि उपयुक्त ठाउँको पहिचान गरी आवश्यक सामग्रीहरूको तयारी गर्ने, सुरक्षित सिकाईको वातावरण तयार गरी शैक्षिक गतिविधिहरूलाई निरन्तरता दिने, संरक्षण तथा शिक्षा क्षेत्रको क्षति र आवश्यकताको लेखाजोखा गरी पुनर्स्थापना र पुनर्निर्माणमा सहयोग गर्ने र विद्यालय मार्फत स्वास्थ्य संकट एवम् विपद् सुरक्षा सम्बन्धी चेतना समुदायमा विस्तार गर्न सहयोग गर्ने यस विषयगत क्षेत्रको मुख्य जिम्मेवारी हो । नगरपालिकाको सामाजिक विकास समितिको संयोजकले यस विषयगत क्षेत्रको नेतृत्व गर्दछन् भने शिक्षा शाखा प्रमुख सदस्य सचिव रहन्छन् । नगरपालिकामा रहेका संरक्षण तथा शिक्षा क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधिहरू यस विषयगत क्षेत्रको सदस्य रहन्छन् ।

### २.१०.६ विपद् लेखाजोखा एवम् सूचना व्यवस्थापन विषयगत क्षेत्र

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना तर्जुमा गर्न विपद्सँग सम्बन्धित र अन्य सामाजिक आर्थिक तथ्याङ्कको आवश्यकता पर्दछ । अझ विपद् पश्चात खोज, उद्धार, राहत र प्रतिकार्यका कामहरू अघि बढाउन विपद्को सामान्य तथा विषयगत क्षतिको तथ्याङ्क आवश्यक पर्दछ । यस विषय क्षेत्रले विपद्को क्षति तथा नोक्सानीको लेखाजोखा गर्ने यी सूचनाहरूलाई व्यवस्थापन गर्ने र विषयगत क्षेत्रका विवरणहरू सम्बन्धित क्षेत्रलाई उपलब्ध गराई पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनमा सहयोग गर्दछ । वडा स्तरीय विपद् व्यवस्थापन समिति, वडा कार्यालय र स्थानीय सुरक्षा निकायसँग समन्वय गरी प्रारम्भिक द्रुत लेखाजोखा गरी तत्काल विपद्को क्षतिको सूचना संकलन गर्ने संयन्त्र विकास गर्ने । क्षतिको प्रारम्भिक लेखाजोखा तथा क्षेत्रगत आवश्यकता लेखाजोखा गर्न गृह मन्त्रालयले तयार गरेको विपद् लेखाजोखा मार्गदर्शनको आधारमा आवश्यक फारम तयार गर्ने र तालिम दिई जनशक्ति तयार गर्ने । क्षतिको लेखाजोखाको आधारमा प्रभावितहरूको वर्गीकरण गरी परिचयपत्र उपलब्ध गराउन स्थानीय विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने । विपद्का सूचनाहरू नगर आपतकालीन कार्य सञ्चालन केन्द्रमा व्यवस्थापन गर्ने र निर्धारित प्रक्रिया बमोजिम जिल्ला, प्रदेश तथा केन्द्रीय आपतकालीन कार्य सञ्चालन केन्द्रमा पठाउने यस विषयगत क्षेत्रको मुख्य जिम्मेवारी हो । यस विषयगत क्षेत्रको नेतृत्व वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजकले गर्नेछन भने स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र हेर्ने अधिकृत सदस्य सचिवको रुपमा रहनेछन् । नेपाल रेडक्रस सोसाइटी लगायत विपद् लेखाजोखा क्षेत्रमा अनुभव भएका र स्वयम् सेवक परिचानल गर्ने क्षमता भएका स्थानीय संस्थाहरू यस विषयगत क्षेत्रमा सदस्यका रुपमा रहनेछन् ।

### २.१०.७ जीविकोपार्जन, पुनर्स्थापना तथा शीघ्र पुनर्लाभ विषयगत क्षेत्र

यस विषयगत क्षेत्रले विपद्को कारण अवरूद्ध हुन पुगेका अत्यावश्यक सेवाहरू (जस्तैः सडक, विद्युत, खानेपानी, टेलिफोन) तत्काल सुचारू गर्ने र त्यस्ता सेवा प्रदान गर्ने निकायका कार्यालयहरूमा क्षति पुगेमा वैकल्पिक व्यवस्था गर्ने, सामाजिक, आर्थिक पूर्वाधार र अवस्थालाई चलायमान बनाई जनजीवनलाई सामान्य बनाउने

जिम्मेवारी निर्वाह गर्दछ । विपद् पश्चात विस्थापितहरूलाई तत्काल अस्थायी आश्रयस्थल व्यवस्थापन गर्न तथा आवास, खानेपानी, सरसफाई लगायतका अस्थायी पूर्वाधार तयार गर्न सहयोग गर्दछ । त्यसैगरी पुनर्स्थापनाको चरणमा स्थायी संरचनाहरू पुनर्निर्माण नहुँदासम्मको लागि अस्थायी संरचना तथा पूर्वाधार तयार गर्ने काम गर्दछ । आपत्कालीन अवस्थामा पूर्वाधार क्षति भएर आवतजावत अवरूद्ध भएमा सेवा सुचारू गर्नका लागि तत्काल अस्थायी पूर्वाधार तयार गर्ने । प्रभावित समुदायसम्म राहत तथा प्रतिकार्यको पहुँच सहज बनाउन तत्काल अस्थायी पूर्वाधारहरूको विकास गर्ने । नगरपालिकाले पूर्वाधार निर्माण गर्दा मापदण्ड बमोजिम र विपद् सुरक्षित भएको सुनिश्चित गर्ने । आपत्कालीन प्रयोजनका लागि अस्थायी आश्रयस्थल, त्यसमा आवश्यक खानेपानी तथा सरसफाईका पूर्वाधारहरू तयार गर्ने । विपद्बाट क्षति भएका संरचनाहरूको पुननिर्माण गर्दा बहुप्रकोपको जोखिमबाट सुरक्षित स्तरीय मापदण्ड अनुसार भएको सुनिश्चित गर्ने । विपद्को प्रकृति र प्रभाव हेरी यस विषयगत क्षेत्रको काम विपद्को तत्कालको अवस्थादेखि पुनर्निर्माणको काम नसकिंदासम्म चल्न सक्छ र विपद् व्यवस्थापनका चारबटै चरणमा काम गर्नुपर्ने हुन्छ । यस विषयगत क्षेत्रको नेतृत्व पूर्वाधार विकास समितिको संयोजकले गर्दछन् भने पूर्वाधार विकास शाखा प्रमुख यसको सदस्य सचिवको रूपमा रहन्छन् । माथि उल्लिखित विषयगत क्षेत्रको नेतृत्व र सदस्य संस्थाहरूको विवरण अनुसूची-२ मा राखिएको छ ।

नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, दैलेख
कर्णाली प्रदेश, नेपाल

# परिच्छेद तीन : पूर्वतयारी तथा प्रतिकार्य योजना

## ३.१ सामान्य पूर्वतयारी कार्ययोजना

नारायण नगरपालिका बहुप्रकोपको जोखिममा छ । विपद्को सम्भावना र त्यसबाट हुनसक्ने जनधनको क्षति कम गर्न र पर्याप्त पूर्वतयारी गरी विपद् एवम् स्वास्थ्य संकट प्रतिकार्य क्षमता सुदृढ गर्न नगर विपद् व्यवस्थापन समितिले पूर्वतयारीका विभिन्न गतिविधिहरू नियमित रूपमा गर्नुपर्ने हुन्छ । विपद् पूर्वतयारी र विपद् एवम् स्वास्थ्य संकट व्यवस्थापनलाई विकासका नियमित गतिविधिहरूमा जोडेर जोखिमका स्रोतहरूको न्यूनीकरण गर्दै प्रतिकार्यका लागि आधार तयार गर्न सामान्य पूर्वतयारीका रूपमा देहाय बमोजिमको कार्ययोजना तयार गरिएको छ ।

| क्र.सं. | सामान्य पूर्वतयारीका क्रियाकलापहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन पारित गरी कार्यान्वयन गर्ने | तत्काल | नगरपालिका | १ | नगर विपद् व्यवस्थापन समिति |
| २ | नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति तथा रणनीतिक कार्ययोजना तयार गरी लागू गर्ने | तत्काल | नगरपालिका | १ | नगर विपद् व्यवस्थापन समिति |
| ३ | नगरपालिकामा नगर आपत्कालीन कार्यसञ्चालन केन्द्र (स्वास्थ्य आपत्कालीन कार्य संचालन केन्द्र समेत) स्थापना गरी सञ्चालन गर्ने | तत्काल | नगरपालिका | १ | नगर विपद् व्यवस्थापन समिति |
| ४ | नगरपालिकाको स्वास्थ्य ऐन र स्वास्थ्य नीति तर्जुमा गर्ने | भैसकेको | नगरपालिका | २ | सामाजिक विकास समिति |
| ५ | नगर आपत्कालीन कार्य सञ्चालन केन्द्रमा सञ्चार एवम् खोज उद्धार तथा प्राथमिक उपचार सामाग्रीको प्रवन्ध गर्ने | तत्काल | नगरपालिका | आवश्यकता अनुसार | नगर विपद् व्यवस्थापन समिति |
| ६ | नगरपालिकाका सबै वडामा समुदायमा आधारित खोज उद्धार कार्यदल गठन गर्ने | तत्काल | वडा | प्रत्येक वडामा | वडा समिति |
| ७ | बढी सडक दुर्घटना हुने स्थानहरुको नक्शांकन गरी सडक सुरक्षा मापदण्ड कडाईका साथ पालना गर्ने गराउने | नियमित | नगरपालिका | | नेपाल प्रहरी |
| ८ | जिल्ला, प्रदेश र केन्द्रीय तहसँग समन्वय हुने गरी विपद् जोखिम न्यूनीकरण वेभ पोर्टल विकास गरि सञ्चालन गर्ने | तत्काल | नगरपालिका | १ | नगर विपद् व्यवस्थापन समिति |

| क्र.सं. | सामान्य पूर्वतयारीका क्रियाकलापहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| ९ | विपद् पश्चातको आवश्यकताको लेखाजोखाको लागि आधुनिक सूचना प्रविधिको उपयोग गरेर द्रुत आँकलन प्रणाली प्रक्रिया तयार गर्ने | तत्काल | नगरपालिका | १ | नगर विपद् व्यवस्थापन समिति |
| १० | आपत्कालीन अस्थायी आश्रयस्थलको लागि नगरमा खुल्ला क्षेत्र पहिचान गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने (खुल्ला क्षेत्रहरु : वडा नं ६ को काँडाचौरमा रहेको खेलकुद मैदान, वडा नं ७ को नारायण क्याम्पस परिसर) | तत्काल | नगरपालिका | १ | नगर विपद् व्यवस्थापन समिति |
| ११ | प्रत्येक सार्वजनिक, सरकारी र व्यवसायिक भवनमा आपत्कालीन निकासी मार्ग (Evacuation Route) र आपत्कालीन भेला हुने स्थान (Assembly Point) छुट्याई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने, गराउने | २०७९ | सबै सम्बन्धित संस्थाहरु | | सम्बन्धित कार्यालय |
| १२ | वडामा भएका सामुदायिक भवनहरूमा आपत्कालीन अस्थायी आश्रयस्थल तथा क्वारेन्टिन सञ्चालनको लागि सडक, विद्युत, खानेपानी र सरसफाईका पूर्वाधार तयार गर्ने | २०७९ | पहिचान गरिएका स्थानहरू | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा |
| १३ | प्रत्येक वडामा आपत्कालीन आश्रयस्थल तथा क्वारेन्टिन/आइसोलेसन सेन्टरमा प्रयोग गर्न सकिने सुरक्षित सामुदायिक भवनको पहिचान/निर्माण गर्ने | नियमित | वडा | प्रत्येक वडामा कम्तिमा एउटा | पूर्वाधार विकास शाखा वडा कार्यालय |
| १४ | विपद्बाट हुने मानवीय क्षति बाली पशु, घर तथा सम्पतिको लागि कार्यबिधि बनाई बीमा आपत्कालीन बीमा कार्यक्रम संचालन गर्ने | २०७९ | नगरपालिका क्षेत्र | १ | नगर विपद् व्यवस्थापन समिति |
| १५ | विपद् जोखिम व्यवस्थापनका लागि समुदायमा आधारित संस्थाहरु, स्थानीय गैर सरकारी संस्थाहरु, स्थायी प्रकृतिका उपभोक्ता समितिहरु र नागरिक संस्थाहरुबीच कार्यविधि बनाई सहकार्यको लागि संयन्त्र तयार गर्ने | २०७९ | नगरपालिका क्षेत्र | १ | नगर / वडा विपद् व्यवस्थापन समिति |
| १६ | नगर क्षेत्रका प्रमुख प्रकोपहरु (भूकम्प, बाढी, आगलागी र सडक दुर्घटना, महामारी नियन्त्रण) को लागि परिदृष्यमा आधारित कृत्रिम घटना अभ्यास नियमित सञ्चालन गर्ने | नियमित | नगरपालिका क्षेत्र | वार्षिक | नगर विपद् व्यवस्थापन समिति |
| १७ | नगरपालिकाको स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना वार्षिक रूपमा अद्यावधिक गर्ने | नियमित | नगरपालिका | वार्षिक | नगर विपद् व्यवस्थापन समिति |

नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय, दैलेख कर्णाली प्रदेश, नेपाल

| क.सं. | सामान्य पूर्वतयारीका क्रियाकलापहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १८ | सबै विषयगत क्षेत्रको कार्यतालिका बनाएर नियमित बैठक बस्ने | नियमित | नगरपालिका | प्रत्येक तीन तीन महिनामा | सबै विषयगत क्षेत्र |

## ३.२ पूर्वानुमानमा आधारित पूर्वतयारी कार्ययोजना

नारायण नगरपालिकामा बारम्बार दोहोरिरहने र ठूलो जनसंख्यालाई प्रभाव पार्ने विपद् सुक्खा खडेरी हो । साथै नगरपालिकाका १५०० घरधुरी बाढी तथा कटानको उच्च जोखिममा रहेको र ७५०० जनसंख्या प्रभावित हुनसक्ने अनुमान गरिएको छ । यस्तो अवस्थामा नगरको लगभग १२ प्रतिशत जनसंख्या प्रभावित हुँदा एक वर्ष मुनिको जनसंख्या १५९ जना पाँच वर्ष मुनिको जनसंख्या ७१२ जना ६५ वर्ष माथिको जनसंख्या ३६७ जना अपेक्षित गर्भवतीको जनसंख्या १९३ जना हुनसक्ने अनुमान गरिएको छ ।यही अनुमानका आधारमा विभिन्न क्षेत्रमा पर्नसक्ने प्रभावको आँकलन गरी त्यसको प्रभावकारी प्रतिकार्य र पर्याप्त पूर्वतयारीको लागि देहाय बमोजिम सात वटा विषयगत क्षेत्रको पूर्वतयारीका क्रियाकलापहरु निर्धारण गरिएको छ । उक्त क्रियाकलापहरू कार्यान्वयनको जिम्मेवारी सम्बन्धित विषयगत क्षेत्रको हुनेछ भने आवश्यकता अनुसार अन्य निकाय वा क्षेत्रसँग समन्वय गरी काम गर्नेछन् ।

### ३.२.१ समन्वय, खोज तथा उद्धार विषयगत क्षेत्र

| क.सं. | पूर्वतयारीका क्रियाकलापहरु | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| १ | वडा तहमा गठन भएका खोज उद्धार टोलीलाई तालिम दिएर प्रथम सामुदायिक उद्धारक (First Community Responders) तयार गर्ने | | वडा | १३ | सुरक्षा निकाय, नेपाल रेडक्रस |
| २ | समुदाय तहका स्वयंसेवी संस्था तथा व्यक्तिहरुको विवरण अद्यावधिक गरी आपत्कालीन अवस्थामा परिचालनको संयन्त्र तयार गर्ने | नियमित | वडा | १३ | नेपाल रेडक्रस |
| ३ | खोज उद्धारका लागि आवश्यक उपकरण सामाग्रीहरुको आवश्यकता आँकलन गरी उपलब्ध गराउनको लागि नगरपालिकालाई अनुरोध गर्ने | | नगरपालिका | १ | नगर विपद् व्यवस्थापन समिति |
| ४ | खोज उद्धार टोली परिचालनको लागि न्यूनतम् खोज उद्धार तथा व्यक्तिगत सुरक्षा सामाग्री तयारी अवस्थामा राख्ने | | वडा | १३ | सुरक्षा निकाय, वडा कार्यालय |

नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय, दैलेख कर्णाली प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | खोज तथा उद्धारका लागि प्रयोग गर्न सकिने सवारी साधनहरू र एम्बुलेन्सहरूको सूची र सम्पर्क व्यक्तिको विवरण तयार गर्ने | नियमित | नगरपालिका | १ | सम्बन्धित संस्था–विपद व्यवस्थापन समिति |
| ६ | सबै विषयगत क्षेत्रका सदस्यहरू तथा सरोकारवाला निकाय र संस्थाहरूको सम्पर्क ठेगाना अद्यावधिक राख्ने | नियमित | नगरपालिका | १ | सबै विषयगत क्षेत्र |

### ३.२.२ प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र

| क्र.सं. | पूर्वतयारीका क्रियाकलापहरु | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| १ | नगरपालिकाका सबै वडामा स्थानीय स्वास्थ्य संस्थाको समन्वयमा द्रुत प्रतिकार्य टोली (RRT) गठन गर्ने | तत्काल | वडा | हरेक वडामा एक | वडा विपद् व्यवस्थापन समिति |
| २ | नगरपालिकामा रहेका सबै स्वास्थ्य संस्थाहरुको आपतकालीन योजना तयार गर्ने | तत्काल | स्वास्थ्य संस्था | स्वास्थ्य संस्था अनुसार | स्वास्थ्य शाखा |
| ३ | नगरका सबै स्वास्थ्य संस्थाहरूमा आपत्कालीन प्रयोजनको लागि औषधिको 'बफर स्टक' व्यवस्थापन गर्ने र औषधि उपलब्ध भएको सुनिश्चित गर्ने | नियमित | वडा | स्वास्थ्य संस्था अनुसार | सम्बन्धित स्वास्थ्य संस्था |
| ४ | वडा तहमा प्राथमिक उपचार कार्यदल गठन गर्ने | तत्काल | वडा | हरेक वडामा एक | वडा विपद् व्यवस्थापन समिति, रेडक्रस उपशाखा |
| ५ | स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयम् सेविका र वडा स्तरीय कार्यदलका सदस्यहरुको लागि प्राथमिक उपचार तालिम सञ्चालन गर्ने | नियमित | वडा | ११ | नेपाल रेडक्रस सोसाइटी |
| ६ | समुदायमा जनस्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | नियमित | नगरपालिका | आवश्यकता अनुसार | वडा विपद् व्यवस्थापन समिति, सामाजिक संघ संस्था |

नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय, दैलेख कर्णाली प्रदेश, नेपाल

| क्र.सं. | पूर्वतयारीका क्रियाकलापहरु | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| ७ | विपद्को समयमा गर्भवती तथा सुत्केरी महिला र बालबालिकाहरुमा पोषण आवश्यकता पूर्तिका लागि पुरक खाना आवश्यकताको आँकलन गर्ने | नियमित | नगरपालिका | आवश्यकता अनुसार | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| ८ | आपत्कालीन अवस्थामा घाइतेहरूको थप उपचारको लागि रिफरल प्रकृया तय गर्ने | | नगरपालिका | १ | नगर विपद् व्यवस्थापन समिति |

३.२.३ आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामाग्री एवम् बन्दोबस्ती विषयगत क्षेत्र

| क्र.सं. | पूर्वतयारीका क्रियालापहरु | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| १ | अस्थायी आश्रय स्थल, खाद्य तथा गैर खाद्य सामाग्री र राहत व्यवस्थापन विषयगत क्षेत्रका सदस्य संस्थाहरूको सम्पर्क ठेगाना अद्यावधिक राख्ने | नियमित | नगरपालिका | १ | सम्बन्धित संस्था |
| २ | नगरमा भएका हेभी इक्वीपमेन्ट, ढुवानीका साधनहरु तथा सवारी साधनहरुको लागत तयार गरी आपत्कालीन अवस्थामा प्रयोग गर्न निजी क्षेत्रसँग सम्झौता गर्ने | २०७९ | नगरपालिका | १ | सम्बन्धित संस्था |
| ३ | नगरपालिकामा कम्तिमा प्रत्येक वडामा १२० परिवारको लागि आवश्यक पर्ने गैर खाद्य सामाग्री सेटको स्टक राख्ने | २०७९ | वडा | ११ | नेपाल रेडक्रस/उपशाखा |
| ४ | प्रत्येक वडामा कम्तिमा १२० परिवारका लागि अस्थायी आश्रयको लागि बहुप्रकोपबाट सुरक्षित स्थान पहिचान गरी राख्ने | २०७९ | वडा | ११ | वडा कार्यालय |
| ५ | नगरमा कम्तिमा ३०० परिवार तथा १५०० जनसंख्याको लागि आवश्यक पर्ने गैर खाद्य सामाग्री भण्डारणको क्षमता भएको गोदामघरको व्यवस्था गर्ने | २०७९ | नगरपालिका | १ | नेपाल रेडक्रस सामाजिक संस्था |
| ६ | पहिचान गरिएका खुल्ला स्थानमा अस्थायी आश्रयस्थलका लागि आवश्यक पूर्वाधार, खानेपानी, सरसफाइको प्रवन्ध तथा तत्काल टहरा बनाउन सक्ने व्यवस्था गर्ने | २०७९ | नगरपालिका | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा |
| ७ | पहिचान गरिएका खुल्ला स्थान वा तयार गरिएका अस्थायी आश्रयस्थलका संरचना र सुविधाहरू महामारीको समयमा क्वारेन्टिन एवं आइसोलेसन केन्द्रको रुपमा प्रयोग गर्न सक्ने र स्वास्थ्य सेवा सञ्चालन गर्न मिल्ने गरी विकास गर्ने | २०७९ | नगरपालिका | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा |

### ३.२.४ खानेपानी सरसफाई तथा स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्र

| क्र.सं. | पूर्वतयारीका क्रियाकलापहरु | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| १ | अनुमानित परिदृष्यको आधारमा खानेपानी सरसफाई तथा स्वच्छता प्रवर्द्धन सम्बन्धी आवश्यकताको आँकलन गर्ने | २०७९ | नगरपालिका | १ | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| २ | विपद् लेखाजोखा टोलीलाई खानेपानी सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको विपद् सूचना संकलनको तालिम दिने | २०७९ | नगरपालिका | १ | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| ३ | कम्तिमा १००० परिवारलाई पुग्ने आपत्कालीन सरसफाई तथा स्वच्छता प्रवर्द्धन सामाग्री भण्डारणको व्यवस्था मिलाउने | २०७९ | नगरपालिका | १ | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| ४ | आपत्कालीन आश्रयस्थल वा आश्रयस्थल बनाउन पहिचान गरिएका खुला क्षेत्रमा खानेपानी आपूर्तिको स्रोत र आवश्यक सामाग्रीको प्रवन्ध गर्ने | २०७९ | नगरपालिका | १ | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| ५ | रेडियो टिभी, पत्रपत्रिका र सामाजिक मिडिया मार्फत सरसफाई सम्बन्धी चेतनामूलक कार्यक्रम प्रसारण गर्ने | २०७९ | नगरपालिका | १ | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| ६ | खानेपानी सरसफाई तथा स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्रका सदस्यहरूको सम्पर्क अध्यावधिक राख्ने | २०७९ | नगरपालिका | १ | विपद् लेखाजोखा विषयगत क्षेत्र |

### ३.२.५ संरक्षण तथा शिक्षा विषयगत क्षेत्र

| क्र.सं. | पूर्वतयारीका क्रियाकलापहरु | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| १ | सबै विषयगत क्षेत्रलाई महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको संरक्षणका तरिकाहरू बारे जानकारी दिने | निरन्तर | नगरपालिका | सबै विषयगत क्षेत्र | महिला तथा बालबालिका शाखा |
| २ | विपद्को समयमा संरक्षण एवम् सुरक्षाका लागि चाहिने सामाग्रीहरू खरिद गरी भण्डारण गर्ने | निरन्तर | नगरपालिका | अनुमानित आँकलन अनुसार | महिला तथा बालबालिका शाखा |
| ३ | विद्यालयका शिक्षक र महिला स्वास्थ्य स्वयंसेविकालाई आधारभूत मनोसामाजिक परामर्श सम्बन्धी तालिम दिने प्रवन्ध गर्ने | निरन्तर | नगरपालिका | सबै वडा र सबै विद्यालयहरू | नेपाल रेडक्रस सोसाइटी |

नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय, दैलेख कर्णाली प्रदेश, नेपाल

| क्र.सं. | पूर्वतयारीका क्रियाकलापहरु | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| ४ | सबै विद्यालयमा विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि बमोजिम सुरक्षित विद्यालयका न्यूनतम् गतिविधि सञ्चालन गर्न सहजीकरण गर्ने | २०७९ | विद्यालय | सबै विद्यालय | |
| ५ | विद्यालयहरूको संकटासन्नता तथा क्षमता लेखाजोखाको लागि सहयोग गर्ने | २०७९ | विद्यालय | सबै विद्यालय | |
| ६ | विद्यालयहरूलाई सिकाई निरन्तरता र पूर्वतयारी सहितको विद्यालय सुरक्षा योजना तयार गरी कार्यान्वयन गर्न सहयोग गर्ने | २०७९ | विद्यालय | सबै विद्यालय | |
| ७ | विद्यालय व्यवस्थापन समिति तथा प्रअहरुलाई विद्यालय सुरक्षा सम्बन्धी तालिम दिने | २०७९ | विद्यालय | | |
| ८ | कृत्रिम घटना तथा सिमुलेसन अभ्यास सञ्चालन गर्न नगरपालिका र विद्यालयहरूसँग समन्वय गर्ने | २०७९ | विद्यालय | | |
| ९ | वैकल्पिक सिकाई सञ्चालनका लागि कार्यविधि र सामाग्री तयारी अवस्थामा राख्ने | २०७९ | नगरपालिका | | |
| १० | सबै विद्यालयहरूमा अस्थायी सिकाई केन्द्र सञ्चालनका लागि आवश्यक सामाग्रीहरू तयारी अवस्थामा राख्ने प्रवन्ध गर्ने | २०७९ | विद्यालय | | |
| ११ | संरक्षण तथा शिक्षा विषयगत क्षेत्रका सदस्यहरूको सम्पर्क अद्यावधिक गर्ने | २०७९ | | | |

### ३.२.६ विपद् लेखाजोखा एवम् सूचना व्यवस्थापन विषयगत क्षेत्र

| क्र.सं. | पूर्वतयारीका क्रियाकलापहरु | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| १ | नगर आपत्कालीन कार्य सञ्चालन केन्द्र मार्फत विपद् सम्बन्धी सूचना सङ्कलन, व्यवस्थापन र प्रसारणको व्यवस्था मिलाउने | नियमित | नगरपालिका | १ | जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| २ | वडा तहमा विपद् लेखाजोखा टोली तयार गर्ने (IRA/MIRA) | २०७९ | वडा | सबै | नेपाल रेडक्रस, नारायण त्रिवेणी उपशाखा |

| क्र.सं. | पूर्वतयारीका क्रियाकलापहरु | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| ३ | विपद् लेखाजोखा टोलीका सदस्यहरूलाई विपद् लेखाजोखा सम्बन्धी तालिम दिने | | | ४ | नेपाल रेडक्रस |
| ४ | समुदाय स्तरमा विपद्को समयमा सूचना प्रवाह गर्न SMS मार्फत सूचना प्रसार गर्ने समूहगत प्रणालीको विकास गर्ने | २०७९ | नगरपालिका | | मोवाइल सेवा प्रदायक, विपद व्यवस्थापन समिति |
| ५ | स्थानीय रेडियो एफ एम तथा अन्य सामाजिक मिडियाबाट जनचेतना मूलक सन्देशहरू प्रवाह गर्ने | नियमित | नगरपालिका | | पत्रकार महासंघ, स्थानीय एफ. एम. |
| ६ | नगरपालिकाको विपद् सम्बन्धि सम्पूर्ण सूचना तथा गतिविधिहरू नियमित अद्यावधिक गर्ने, त्रैमासिक, बार्षिक, अर्धबार्षिक | नियमित | नगरपालिका | | विपद व्यवस्थापन समिति |
| ७ | विपद् सूचना प्रवाह प्रकृया तय गरी वस्तीमा भएका घटनाको तत्काल स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रमा अद्यावधिक हुने प्रवन्ध मिलाउने | नियमित | नगरपालिका | | विपद व्यवस्थापन समिति |
| ८ | विपद् लेखाजोखा सम्बन्धी मार्गदर्शनका आधारमा विपद् लेखाजोखाका फारामहरु तयारी अवस्थामा राख्ने | २०७९ | नगरपालिका | | विपद व्यवस्थापन समिति |

### ३.२.७ जीविकोपार्जन, पुनर्स्थापना तथा शीघ्र पुनर्लाभ विषय क्षेत्र

| क्र.सं. | पूर्वतयारीका क्रियाकलापहरु | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| १ | जोखिम संवेदनशील भू-उपयोग योजनाका आधारमा पूर्वाधार निर्माणका योजना तयार गर्ने | २०७९ | नगरपालिका | १ | विषयगत क्षेत्र |
| २ | पूर्ण रूपमा भवन आचार संहिता कार्यान्वयन भएको सुनिश्चित गर्ने गराउने | नियमित | नगरपालिका | १ | विषयगत क्षेत्र |
| ३ | जोखिमयुक्त क्षेत्रहरूको दोहन र अतिक्रमण नियन्त्रण गर्ने | नियमित | नगरपालिका | १ | विषयगत क्षेत्र |
| ४ | पहिचान गरिएका आपत्कालीन आश्रयस्थलमा अस्थायी आवास, सरसफाई, खानेपानी, सडक र विजुलीको पूर्वाधार तयार गर्ने | नियमित | नगरपालिका | १ | विषयगत क्षेत्र |

नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय, दैलेख कर्णाली प्रदेश, नेपाल

| क्र.सं. | पूर्वतयारीका क्रियाकलापहरु | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| ५ | ग्रामीण सडक निर्माण जस्ता पूर्वाधार विकास गर्दा प्राविधिक र वातावरणीय अध्ययन अनुसार विपद् जोखिम नबढ्ने कुरा सुनिश्चित गर्ने | नियमित | नगरपालिका | १ | विषयगत क्षेत्र |
| ६ | संरचना तथा पूर्वाधारको पुनर्निर्माण "अझ राम्रो अझ" बलियोको मान्यता अनुरूप गर्ने | नियमित | नगरपालिका | १ | विषयगत क्षेत्र |
| ७ | विषयगत क्षेत्रका सदस्यहरूको सम्पर्क विवरण अद्यावधिक राख्ने र विषयगत क्षेत्रको नियमित बैठक गर्ने | नियमित | नगरपालिका | १ | विषयगत क्षेत्र |

## ३.३ आपत्कालीन प्रतिकार्य (कार्यविधि) कार्ययोजना

आपत्कालीन प्रतिकार्य योजनामा विपद्को समय र विपद् पश्चात् तुरुन्तै चाल्नुपर्ने खोज, उद्धार, उपचार एवम् जोखिम क्षेत्रबाट प्रभावितहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण, राहत वितरणका र विपद् लेखाजोखा तथा सूचना व्यवस्थापन र संप्रेषणका क्रियाकलापहरू सहित प्रत्येक विषयगत क्षेत्र परिचालनको समय तालिका सहितको कार्यविधि समावेश गरिएको छ । यसका लागि देहाय बमोजिमका क्रियाकलापहरू तर्जुमा गरिएको छः

### ३.३.१ समग्र व्यवस्थापन, खोज तथा उद्धार विषयगत क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | नगर विपद् व्यवस्थापन समितिको आकस्मिक बैठक बसी हरेक विषयगत क्षेत्रलाई तयारी अवस्थामा रहन निर्देशन दिने | नगर विपद् व्यवस्थापन समिति |
| | २ | समन्वय खोज तथा उद्धार विषयगत क्षेत्रको आकस्मिक बैठक बस्ने | नगर विपद् व्यवस्थापन समिति |
| | ४ | खोज उद्धार र सुरक्षाको लागि उद्धारकर्मी, सुरक्षाकर्मी परिचालन गर्ने, DDRT/RRT | सुरक्षा निकाय/जिल्ला विपद् व्यवस्थापन समिति |
| | ५ | खोज तथा उद्धारका लागि आवश्यक सामाग्री र यातायातको बन्दोबस्त गर्ने | बन्दोबस्ती विषयगत क्षेत्र |
| | ६ | घाइतेहरूको शिघ्र उद्धार गर्ने र वेपत्ताहरूको खोजी कार्यलाई तीब्रता दिने | सुरक्षा निकाय |
| | ७ | सम्भावित जोखिम क्षेत्रका समुदायको सुरक्षित स्थानान्तरण गर्ने | सुरक्षा निकाय, वडा समिति |

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| | ८ | घाइतेहरूको तत्काल प्राथमिक उपचारका लागि आवश्यक समन्वय गर्ने | स्वास्थ्य विषयगत क्षेत्र, प्राथमिक उपचारक |
| | ९ | मृतकहरूको पहिचान गरी मुचुल्का गरेर शव आफन्तलाई जिम्मा लगाउने | वडा समिति, सुरक्षा निकाय |
| २४ घण्टा देखि ७ दिन | १० | खोज उद्धार कार्यलाई आवश्यकता अनुसार निरन्तरता दिने | सुरक्षा निकाय |
| | ११ | २४ घण्टाको कामको समीक्षा गरी आवश्यकता अनुसार थप खोज उद्धार कार्य अघि बढाउने | सुरक्षा निकाय |
| | १२ | प्रभावितहरूको व्यक्तिगत सम्पत्ति तथा सार्वजनिक सम्पत्तिको सुरक्षाको लागि सुरक्षाकर्मी परिचालन गर्ने | सुरक्षा निकाय |
| | १३ | आवश्यकता अनुसार शव व्यवस्थापन कार्यलाई निरन्तरता दिने | सुरक्षा निकाय |
| | १४ | बहु क्षेत्रगत प्रारम्भिक द्रुत लेखाजोखा गर्नको लागि सबै विषयगत क्षेत्रलाई समन्वय तथा परिचालन गर्ने | सुरक्षा निकाय |
| | १५ | विपद्को घटनाको प्रकृति हेरी आवश्यकता अनुसार जिल्ला प्रदेश तथा सङ्घीय सरकारसँग समन्वय गर्ने | नगर विपद् व्यवस्थापन समिति |
| ७ दिनदेखि १ महिना | १६ | आवश्यकता अनुसार खोज उद्धार कार्यलाई निरन्तरता दिने | सुरक्षा निकाय |
| | १७ | विपदमा हराएका वा नष्ट भएका अत्यावश्यक दस्तावेजहरुको लागत सङ्कलन गर्ने | सुरक्षा निकाय<br>वडा समिति |
| | १८ | हराएका वा नष्ट भएका कागजातहरुको पुनर्निमार्ण तत्काल गर्ने | वडा कार्यालय |
| | १९ | विषय क्षेत्रगत विस्तृत लेखाजोखाको आधारमा विपदबाट भएको क्षतिको लागि पुनर्स्थापना योजना तयार गर्न समन्वय गर्ने | सबै विषयगत क्षेत्र |
| | २० | विपद् पश्चातको आवश्यकता लेखाजोखाको आधारमा नगरपालिकाको पुनर्निमाण योजना तयार गर्न समन्वय गर्ने | सबै विषयगत क्षेत्र |

### ३.३.२ प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको आकस्मिक बैठक बसी अवस्थाको विश्लेषण गर्ने | नगर विपद् व्यवस्थापन समिति |
| | २ | घाइतेको खोज उद्धारसँगै प्राथमिक उपचारका लागि प्राथमिक उपचार टोली परिचालन गर्ने | खोज उद्धार कार्यदल, प्राथमिक उपचार कार्यदल |
| | ३ | विपद् प्रभावित क्षेत्रमा प्राथमिक उपचार डेस्क स्थापना गरी सेवा सञ्चालन गर्ने | बन्दोबस्ती विषयगत क्षेत्र |
| | ४ | एम्बुलेन्सको परिचालन गरी नजिकको अस्पतालमा गम्भीर अवस्थाका घाइतेहरूलाई थप उपचारको लागि रिफर गर्ने | नगर विपद् व्यवस्थापन समिति |
| | ५ | दीर्घ रोगीहरू पहिचान गरी उनीहरूको लागि औषधि तथा उपचार सेवा उपलब्ध गराउने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| २४ घण्टा देखि ७ दिन | ६ | मापदण्ड अनुसार शुद्ध पिउने पानी (पियुष, अक्वाटयाब लगायत पानी शुद्धिकरण) र प्रभावितहरूको अवस्था अनुसार पोषणयुक्त खानाको सुनिश्चतता गर्ने | खाद्य विषयगत क्षेत्र |
| | ७ | विपद् प्रभावित क्षेत्र तथा अस्थायी आश्रयस्थलमा नियमित औषधि उपचारका साथसाथै गर्भवती जाँच, सुत्केरी र परिवार नियोजन सेवालाई निरन्तरता दिने | बन्दोबस्ती विषय क्षेत्र |
| | ८ | मनोसामाजिक परामर्श सेवा सञ्चालनलाई आवश्यकता अनुसार निरन्तरता दिने | संरक्षण विषय क्षेत्र |
| | ९ | अस्थायी आश्रयस्थल तथा प्रभावित समुदायमा महामारीजन्य विपद् फैलिन नदिन थोकथामका उपायहरू अपनाउने | खानेपानी तथा सरसफाई विषयगत क्षेत्र |
| | १० | स्वास्थ्य तथा पोषण क्षेत्रको विषयगत आवश्यकता लेखाजोखा गरी पुनर्स्थापना योजना तयार गर्ने | विपद् लेखाजोखा तथा सूचना व्यवस्थापन विषयगत क्षेत्र |
| ७ दिन देखि १ महिना | ११ | आवश्यकता अनुसार स्वास्थ्य उपचार र स्वास्थ्य सेवा प्रवाहलाई निरन्तरता दिने | स्वास्थ्य संस्थाहरू |
| | १२ | थप महामारी फैलिन नदिन रोकथामका उपायहरू निरन्तर गर्ने | खानेपानी तथा सरसफाई विषयगत क्षेत्र |
| | १३ | स्वास्थ्य क्षेत्रको विपद् पछिको आवश्यकताको लेखाजोखा गरी पुनर्निमाण योजना तयार गर्ने | पुनर्निर्माण विषयगत क्षेत्र |

### ३.३.३ आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामाग्री एवम् बन्दोबस्ती विषयगत क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | अस्थायी आश्रय स्थल, खाद्य तथा गैर खाद्य सामाग्री र राहत व्यवस्थापन विषयगत क्षेत्रको आकस्मिक बैठक बोलाउने र अवस्था विश्लेषण गर्ने, प्रभावित हुनसक्ने जनसंख्याको आँकलन गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | २ | विस्थापितहरूको लागि तत्काल अस्थायी बसोबासको प्रवन्ध गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | ३ | प्रारम्भिक द्रुत लेखाजोखाको लागि आवश्यक बन्दोबस्त गरी लेखाजोखा टोली परिचालन गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| | ४ | उद्धारकर्मी, स्वास्थ्यकर्मी तथा घाइतेहरुको ओसार पसार र राहत सामग्रीको (Ready food Item) ओसार पसार गर्नको लागि यातायातका साधनहरुको प्रवन्ध गर्ने | खोज उद्धार विषयगत क्षेत्र |
| | ५ | विस्थापित तथा अस्थायी आश्रयस्थलमा रहेका सबै परिवारको लागि तत्काल खान मिल्ने खाद्य सामाग्री उपलब्ध गराउने | नगर विपद् व्यवस्थापन समिति |
| | ६ | विपद् प्रभावितहरूलाई गर्मीको समयमा झुल र जाडोको समयमा न्यानो कपडाको प्रवन्ध गर्ने | रेडक्रस उपशाखा |
| २४ घण्टा देखि ७ दिन | ७ | प्रारम्भिक द्रुत लेखाजोखा (Initial Rapid Assessment-IRA) का आधारमा आगामी एक महिनाको लागि खाद्य तथा गैर खाद्य आवश्यकताको आँकलन गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| | ८ | प्रभावितहरूको लागि अस्थायी आश्रय स्थलमा बसोबासको प्रवन्ध गर्ने कार्यलाई निरन्तरता दिने | |
| | ९ | अस्थायी आश्रयस्थलमा वा प्रभावित समुदायमा शौचालय, खानेपानी, सरसफाई तथा औषधि उपचारको लागि अन्य विषयगत क्षेत्रसँग समन्वय गर्ने | खानेपानी सरसफाई र स्वास्थ्य विषयगत क्षेत्र |
| | १० | विस्थापित तथा अस्थायी आश्रयस्थलमा रहेका सबै परिवारको लागि खाद्य सामाग्री, खाना पकाउने भाँडाकुँडा र ओढ्ने ओछ्याउने सामग्री उपलब्ध गराउने | |
| | ११ | अपांगता भएका व्यक्ति एकल महिला र पुरुषका लागि उपयुक्त आश्रय स्थलको प्रवन्ध गर्ने | संरक्षण विषयगत क्षेत्र |
| | १२ | विपद्को कारण आघातमा रहेका व्यक्तिहरूलाई आश्रयस्थलमा नै मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने प्रवन्ध गर्ने | संरक्षण विषयगत क्षेत्र |
| | १३ | अस्थायी आश्रयस्थलमा बालबालिकालाई खेल्ने ठाउँको प्रवन्ध गर्ने | संरक्षण तथा शिक्षा विषयगत क्षेत्र |

| समय | क.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ७ दिन देखि १ महिना | १४ | आवश्यकता अनुसार विस्थापितहरुलाई घर फर्काउने प्रबन्ध गर्ने | |
| | १५ | भौतिक संरचना पुनर्निर्माणका लागि आवश्यक काठ सहुलियत दरमा उपलब्ध गराउन सामुदायिक वन उपभोक्ता समूहसँग समन्वय गर्ने | सामुदायिक वन उपभोक्ता समिति |
| | १६ | अस्थायी आश्रयस्थलमा रहेका बालबालिकाको सिकाई निरन्तरताको लागि नगरपालिकाको शिक्षा शाखा र शिक्षा विषयगत क्षेत्रसँग समन्वय गर्ने | संरक्षण तथा शिक्षा विषयगत क्षेत्र |
| | १७ | विपद् पश्चातको आवश्यकता लेखाजोखाको लागि आवश्यक बन्दोबस्त मिलाउने | विपद् लेखाजोखा तथा सूचना व्यवस्थापन विषयगत क्षेत्र |

## ३.३.४ खानेपानी, सरसफाई तथा स्वस्थता प्रवर्द्धन विषयगत क्षेत्र

| समय | क.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | खानेपानी सरसफाई तथा स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्रको आकस्मिक बैठक बसी अवस्थाको विश्लेषण गर्ने | नगर विपद् व्यवस्थापन समिति |
| | २ | प्रभावित समुदाय तथा अस्थायी आश्रयस्थलमा सुरक्षित शुद्ध पिउने पानी तथा सरसफाईको लागि मापदण्ड अनुसारको आवश्यक पानी उपलब्ध गराउने प्रबन्ध गर्ने, | अस्थायी आश्रय स्थल तथा राहत व्यवस्थापन क्षेत्र |
| २४ घण्टा देखि ७ दिन | ३ | खानेपानी तथा सरसफाई आवश्यकताको आँकलन गर्ने | विपद् लेखाजोखा क्षेत्र |
| | ४ | अस्थायी आश्रय स्थलमा शौचालय लगायत सरसफाईका अस्थायी संरचनाहरू तयार गर्ने | अस्थायी आश्रय स्थल तथा राहत व्यवस्थापन क्षेत्र |
| | ५ | प्रभावित समुदायमा सामान्य क्षति भएका खानेपानी तथा सरसफाईका संरचनाहरू तत्काल मर्मत गर्ने, स्वच्छता प्रवर्धनका लागी साबुन पानीले हात धुने व्यवस्था गर्ने | पुनर्स्थापना तथा पुनर्निर्माण विषयगत क्षेत्र |
| | ६ | खानेपानी शुद्धीकरणका विधिहरू समुदायलाई जानकारी गराउने | |
| | ७ | अस्थायी आश्रयस्थलको फोहोर मैला व्यवस्थापनको साथै फोहोर पानीको निकाशको प्रबन्ध गर्ने | |

नारायण नगरपालिका नगरपालिकाको कार्यालय, दैलेख कर्णाली प्रदेश, नेपाल

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| | ८ | अस्थायी आश्रयस्थलमा नियमित स्वास्थ्य, खानेपानी तथा सरसफाई शिक्षा प्रवर्द्धन गर्ने | |
| | ९ | खानेपानी तथा सरसफाई क्षेत्रको पुनर्स्थापन योजना तयार गर्ने | |
| | १० | अस्थायी आश्रय स्थलमा मापदण्ड अनुसारको खानेपानी र सरसफाइको प्रवन्ध नियमित गर्ने | |
| ७ दिन देखि १ महिना | ११ | आवश्यकता अनुसार अस्थायी आश्रय स्थलमा खानेपानी र सरसफाईको प्रवन्ध नियमित गर्ने | |
| | १२ | खानेपानी तथा सरसफाई क्षेत्रको क्षेत्रगत आवश्यकताको लेखाजोखा गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| | १३ | अस्थायी सिकाई केन्द्रहरूमा खानेपानी र सरसफाईको प्रवन्ध गर्ने | संरक्षण तथा शिक्षा विषयगत क्षेत्र |
| | १४ | विपद् पछिको क्षेत्रगत आवश्यकताका आधारमा खानेपानी तथा सरसफाई क्षेत्रको पुनर्निर्माण योजना तयार गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |

### ३.३.५ संरक्षण तथा शिक्षा विषयगत क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | संरक्षण तथा शिक्षा विषयगत क्षेत्रको आकस्मिक बैठक बसी अवस्थाको विश्लेषण गर्ने | नगर विपद् व्यवस्थापन समिति |
| | २ | अवस्था अनुसार आपत्कालीन प्रतिकार्यको लागि विद्यालय बन्द गर्नु पर्ने भएमा बन्द गर्न नगर विपद् व्यवस्थापन समितिलाई सिफारिस गर्ने | नगर विपद् व्यवस्थापन समिति |
| | ३ | विद्यालयको क्षति तथा शिक्षक विद्यार्थीको अवस्थाको आँकलन गरी खोज उद्धारमा सहयोग गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| | ४ | आवश्यकता अनुसार प्रभावितहरूलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने | |
| २४ घण्टा देखि ७ दिन | ५ | शिक्षा क्षेत्रमा भएको क्षतिको प्रारम्भिक विवरण संकलन गरी आवश्यकता आँकलन गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| | ६ | विपद्का कारण हराएका वा छुट्टिएका बालबालिकाहरुलाई अभिभावकसँग पुनर्मिलन गराउने | वडा समिति |
| | ७ | प्रभावित महिला बालबालिका अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकलाई संरक्षण दिने | |
| | ८ | आवश्यकता अनुसार मनोसामाजिक परामर्श कार्यशाला सञ्चालन गर्ने | सहयोगी संस्थाहरु, सामाजिक संस्थाहरु |

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| | ९ | नेपाल प्रहरी र स्थानीय सामाजिक संस्थाहरूबीच संयन्त्र तयार गरी बाहिरबाट आउने व्यक्तिहरूमाथि निगरानी राख्ने | सुरक्षा निकाय |
| | १० | विपद् प्रभावित समुदाय तथा अस्थायी आश्रयस्थलमा सामाजिक र लैंगिक हिंसा तथा विभेद नभएको सुनिश्चित गर्ने | महिला तथा बालबालिका शाखा |
| | ११ | मानव बेचबिखन, ओसारपसार र अपहरण जोखिम न्यूनीकरणका लागि नगरपालिकाको सिमा नाकाहरूमा नागरिक सुरक्षा चेक पोष्ट स्थापना गर्ने | सुरक्षा निकाय |
| | १२ | शिक्षा क्षेत्रमा भएको क्षतिको प्रारम्भिक विवरण संकलन गरी आवश्यकताको आँकलन गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| | १३ | सिकाई निरन्तरताको कार्ययोजना क्रियाशील गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | १४ | तत्काल विद्यालय सञ्चालन हुन नसक्ने अवस्थामा अस्थायी सिकाई केन्द्र स्थापना गरी सिकाई सुचारु गर्ने | |
| | १५ | अस्थायी सिकाई केन्द्र पनि सञ्चालन हुन नसक्ने अवस्थामा वैकल्पिक विधिबाट सिकाई सुचारू गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| | १६ | शिक्षकहरूका लागि आपत्कालीन शिक्षा सम्बन्धी अभिमुखीकरण कार्यशाला सञ्चालन गर्ने | |
| | १७ | अस्थाई सिकाई केन्द्रहरूमा छात्रा विद्यार्थीहरूमाथि हुन सक्ने हिंसा रोक्नका लागि सुरक्षा संयन्त्र निर्माण गर्ने | |
| ७ दिन देखि १ महिना | १८ | बालबालिकाहरूलाई विद्यालय फर्कने वातावरण बनाउन अभिभावकहरूसँग समुदायमा छलफल गर्ने | विद्यालय व्यवस्थापन समिति |
| | १९ | विपद् प्रभावित विद्यार्थीहरूको लागि अवस्था र आवश्यकता अनुसार विद्यालय पोशाक, पाठ्यपुष्तक र स्टेसनरी सामग्रीहरू उपलब्ध गराउने | |
| | २० | विपद् प्रभावित समुदाय वा अस्थायी आश्रयस्थलमा महिला तथा किशोरीमाथि हुने हिंसाका गतिविधिलाई निगरानी राख्ने र विशेष संरक्षणको व्यवस्था मिलाउने | |
| | २१ | विद्यालय आउने जाने बाटोहरू भत्किएको बिग्रिएको भए मर्मत गराउने | पूर्वाधार विकास शाखा |
| | २२ | अस्थायी आश्रयस्थल तथा सिकाई केन्द्रमा बालबालिकाका लागि मनोरन्जनात्मक क्रियाकलापहरू सञ्चालन गर्ने | |

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| | २३ | गम्भीर प्रकृतिको अवस्था बाहेक सामान्यत विपद्को घटना भएको १० दिन सम्ममा सिकाई क्रियापलापहरु सुचारू गर्ने प्रवन्ध गर्ने | |
| | २४ | विपद् पछिको आवश्यकता लेखाजोखा गरी संरक्षण तथा शिक्षा क्षेत्रको पुनर्निर्माण योजना तयार गर्ने | पूनर्स्थापना तथा पूनर्निर्माण विषयगत क्षेत्र |

### ३.३.६ जीविकोपार्जन तथा शीघ्र पुनर्लाभ विषयगत क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | जीविकोपार्जन, पुनर्स्थापना तथा पुनर्निर्माण विषयगत क्षेत्रको आकस्मिक बैठक बसी अवस्थाको वारे छलफल गर्ने | नगर विपद् व्यवस्थापन समिति |
| | २ | विपदबाट क्षति भएका सडक संचार तथा विद्युत पूर्वाधार सूचारू गर्न पहल गर्ने | राहत व्यवस्थापन क्षेत्र |
| २४ घण्टा देखि ७ दिन | ३ | पुनर्स्थापनाका लागि आवश्यक पूर्वाधारहरूको आवश्यकता लेखाजोखा गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| | ४ | अस्थायी आश्रयस्थलमा आधारभूत अस्थायी पूर्वाधार निर्माण गर्ने | आश्रयस्थल तथा राहत व्यवस्थापन विषयगत क्षेत्र |
| | ५ | प्रारम्भिक द्रुत लेखाजोखा (IRA) को आधारमा तत्कालको लागि प्राथमिकता तय गर्ने। | |
| | ६ | आफ्नो घर फर्कन चाहने विस्थापितहरूलाई समुदायमा पुनर्स्थापित गर्ने प्रकृया तय गरि पुनर्स्थापित गर्ने | वडा समिति |
| | ७ | विषय क्षेत्रगत विस्तृत लेखाजोखा (MIRA) को आधारमा क्षेत्रगत पुनर्स्थापना योजना तयार गर्ने | सबै विषयगत क्षेत्र |
| | ८ | सामान्य क्षति भएका पूर्वाधार तथा संरचनाहरूको मर्मत सम्भार गरी सेवा सुचारू गर्ने | पूर्वाधार विकास शाखा |

नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय, दैलेख कर्णाली प्रदेश, नेपाल

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ७ दिन देखि १ महिना | ९ | विपद् पछिको आवश्यकताको लेखाजोखाको आधारमा नगरपालिकाको पुनर्निमाण योजना तयार गर्ने | सबै विषयगत क्षेत्रहरु |
| | १० | पुनर्निमाण नसकिएसम्म पुनर्निमाणको कामलाई निरन्तरता दिने | नगर विपद् व्यवस्थापन समिति |

## ३.३.७ विपद् लेखाजोखा एवम् सूचना व्यवस्थापन विषयगत क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | आपत्कालीन लेखाजोखा तथा सूचना व्यवस्थापन विषयगत क्षेत्रको आकस्मिक बैठक बस्ने | नगर विपद् व्यवस्थापन समिति |
| | २ | प्रारम्भिक द्रुत लेखाजोखा (IRA) तुरुन्त सञ्चालन गरी खोज उद्धार उपचार र राहत व्यवस्थापनमा सहयोग गर्ने, बहुक्षेत्र बृहत द्रुत लेखाजोखा (MIRA) का आधारमा पुनस्थापना र पुननिर्माण कार्ययोजना तयार गर्न सुचना व्यवस्थापन गर्ने । | नगर विपद् व्यवस्थापन समिति |
| | ३ | प्रारम्भिक द्रुत लेखाजोखा (IRA) को सूचना सबै विषय क्षेत्रलाई उपलब्ध गराउने | सबै विषयगत क्षेत्र |
| | ४ | विपद्को प्ररम्भिक विवरण नगर आपत्कालीन कार्यसञ्चालन केन्द्रमा अद्यावधिक गर्ने | आपत्कालीन कार्य संचालन केन्द्र |
| २४ घण्टा देखि ७ दिन | ५ | विपद्को क्षतिको विवरण नियमित अद्यावधिक गर्ने | आपत्कालीन कार्य संचालन केन्द्र |
| | ६ | क्षेत्रगत प्रारम्भिक लेखाजोखाका लागि जनशक्ति परिचालन गर्ने | बन्दोबस्ती विषयगत क्षेत्र |
| | ७ | क्षेत्रगत लेखाजोखा विवरण उपलब्ध गराइ सबै विषयगत क्षेत्रलाई पुनस्थापन योजना बनाउन सहयोग गर्ने | सबै विषयगत क्षेत्र |
| | ८ | विपद् प्रभावित क्षेत्रको बजारको लेखाजोखा (आवश्यक सामग्रीको उपलब्धता र प्रतिश्पर्धात्मक मूल्यको अवस्था) गर्ने | बन्दोबस्ती विषयगत क्षेत्र |
| ७ दिन देखि १ महिना | ९ | विपद्को क्षतिको विवरण नियमित अद्यावधिक गर्ने | |
| | १० | विपद् पछिको आवश्यकताको लेखाजोखा गर्न विषयगत क्षेत्रलाई सहयोग गर्ने | सबै विषयगत क्षेत्र |
| | ११ | क्षेत्रगत पुनर्निर्माण योजना तयार गर्न विषयगत क्षेत्रलाई सहयोग गर्ने | सबै विषयगत क्षेत्र |

नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय, दैलेख कर्णाली प्रदेश, नेपाल

# परिच्छेद चार : स्वास्थ्य संकट पूर्वतयारी तथा प्रतिकार्य योजना

नारायण नगरपालिकाले विगत दुई वर्षदेखि कोभिड १९ को विश्वव्यापी महामारीको कारण स्वास्थ्य संकट भोगिरहेको छ । त्यसैगरी यो नगरपालिका कोभिड १९ लगायत, झाडा पखाला, टाईफाईड, न्युमोनिया, मौसमी फलु को उच्च जोखिममा रहेको छ । वर्षेनी बाढीका घटना हुने हुनाले बाढी पश्चात झाडापखाला लगायतको महामारी फैलिन सक्ने जोखिम रहेको छ । कोभिड १९ बाट यस नगरपालिकामा जम्मा २५१६ जना संक्रमित भएको र जम्मा ८ जनाको मृत्यु भएको थियो । २०७९ सावन २ गत सम्ममा १२ बर्षमाथिका ९०.७ प्रतिशतले दुवै डोज खोप पाइसकेका छन् । कोभिडको पहिलो लहरमा नगरपालिकाका सबै वडामा सामुदायिक क्वारेन्टाइन र नगरमा एउटा क्वारेन्टिइन सञ्चालन गरिएको थियो । ५० साधारण बेड र २ सेमि आइसियू बेडको अस्थायी कोभिड अस्पताल सञ्चालन गरिएको थियो । कोभिडका जटिल विरामीहरूलाई सुर्खेत र नेपालगञ्ज रेफर गरेको र निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराएको थियो । कोभिडको समयमा नारायण नगरपालिकामा १ वटा एम्बुलेन्स सञ्चालनको व्यवस्था गरिएको थियो । खासगरी भारतबाट नेपाल भित्रने यस नगरपालिकाका बासिन्दाहरूलाई रूपइडिया र बनबासा नाकाबाट ल्याएर निशुल्क क्वारेन्टाइनमा राख्ने प्रवन्ध गरिएको थियो । कोभिड १९ को रोकथाम तथा प्रतिकार्य गर्ने क्रममा नगरपालिकासँग प्रतिकार्यको लागि स्पष्ट कार्ययोजना थिएन । यसको लागि जनशक्ति र सामाग्री सहितको पूर्वतयारी पर्याप्त थिएन । थौरै जनशक्ति, स्वास्थ्य सुरक्षा सामाग्रीको अपर्याप्तता र अक्सिजनको कमिका बावजुद कोभिड १९ को पहिलो र दोस्रो लहरको प्रतिकार्य गरिएको थियो ।

नगरपालिकाको स्वास्थ्य संरचना तथा स्वास्थ्य विषयगत क्षेत्रले अन्य विपद्को समयमा विपद्का कारण घाइते भएकाहरूलाई तत्काल उपचार र स्वास्थ्य सेवालाई नियमित गर्नको लागि काम गर्दछ भने स्वास्थ्य संकटको अवस्थामा नगरको स्वास्थ्य संरचना तथा स्वास्थ्य विषयगत क्षेत्रले स्वास्थ्य संकटको रोकथाम नियन्त्रण र व्यवस्थापनको लागि अग्र स्थानमा रहेर काम गर्दछ । यसमा अन्य विषयगत क्षेत्रले आ आफ्नो क्षेत्रबाट सहयोग गर्दछन् । नगरमा हुनसक्ने स्वास्थ्य संकटलाई ध्यानमा राखी स्वास्थ्य संकट पूर्वतयारी एवम् प्रतिकार्यका देहायबमोजिमका क्रियाकलापहरु तय गरिएको छ ।

## ४.१ स्वास्थ्य संकट पूर्वतयारी कार्ययोजना

| क्र.सं. | पूर्वतयारीका क्रियाकलापहरु | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| १ | नगरपालिकाकामा रहेका सबै स्वास्थ्य संस्था तथा हस्पिटलहरुको आपत्कालीन योजना तयार गर्ने गराउने | तत्काल | स्वास्थ्य संस्था | सबै स्वास्थ्य संस्था | विपद व्यवस्थापन समिति, नगर स्वास्थ्य शाखा |
| २ | नगरपालिका र वडा तहमा द्रुत प्रतिकार्य टोली (RRT) गठन गर्ने | तत्काल | वडा | वडा कार्यालय | विपद व्यवस्थापन समिति, नगर स्वास्थ्य शाखा |

| क्र.सं. | पूर्वतयारीका क्रियाकलापहरु | समय | स्थान | परिमाण | समन्वय/सहयोग |
|---|---|---|---|---|---|
| ३ | सबै स्वास्थ्य संस्थाहरुमा आपत्कालीन स्वास्थ्य प्रतिकार्य नमुना अभ्यास गर्ने गराउने | नियमित | स्वास्थ्य संस्था | सबै स्वास्थ्य संस्था | विपद व्यवस्थापन समिति, नगर स्वास्थ्य शाखा |
